प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९७ | काठमाडौं | आइतबार, ०६ मंसिर २०८३ | Prabhab National Daily | Sunday, 22 November 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-

एनपिएल क्रिकेट

सुदूरपश्चिम रोयल्स बन्यो च्याम्पियन

फाइनलमा लुम्बिनी लायन्स १० विकेटले पराजित



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणको उपाधि सुदूरपश्चिम रोयल्सले जितेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर राष्ट्रिय क्रिकेट मैदानमा शनिबार भएको फाइनल प्रतिस्पर्धामा लुम्बिनी लायन्सलाई पराजित गर्दै सुदूरपश्चिम च्याम्पियन बनेको हो ।

एनपिएलको लगातार पहिलो र दोस्रो दुवै संस्करणमा फाइनलमा पुगदै उपविजेतामा सीमित बनेको सुदूरपश्चिमले तेस्रोपटकमा उपाधि जितेर यसपटक नयाँ इतिहास कायम गरेको छ । दोस्रो संस्करणको एनपिएलमा लुम्बिनीले सुदूरपश्चिमलाई पराजित गर्दै उपाधि जितेको थियो । यसपालि सुदूरपश्चिमले त्यसको बदला लिँदै लगातार उपाधि जित्ने लुम्बिनीको योजना विफल बनाइदिएको हो ।

यसअघि भएको पहिलो संस्करणमा जनकपुर बोल्टल्स र दोस्रो संस्करणमा लुम्बिनी लायन्सले उपाधि जितेको थियो । दुवैमा सुदूरपश्चिम उपविजेता बनेको थियो ।

लिग चरणमा सुदूरपश्चिमको यात्रा भने निकै संघर्षपूर्ण रहचो । पहिलो खेलमा लुम्बिनीसँग पराजित भएपछि सुदूरपश्चिमले पोखरालाई हराउँदै खेलमा पुनरागमन गरेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

रिजन ढकालले जिते कार

काठमाडौं (प्रस)– चितवन राइनोजका बलर रिजन ढकाल नेपाल प्रिमियर लिग (एनपिएल) तेस्रो संस्करणको सर्वोत्कृष्ट नेपाली खेलाडी बनेका छन् । यससँगै उनले ओमोडा एण्ड जेकोको कार जितेका छन् । उनले प्रतियोगितामा १७ विकेट लिएका थिए । यसअघि पहिलो सिजनमा दीपेन्द्रसिंह ऐरी र दोस्रो सिजनमा रोहित पौडेलले कार हात पारेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

प्रधानमन्त्री शाहको भारत भ्रमण आजदेखि

■ जेबी योञ्जन

काठमाडौं– प्रधानमन्त्री वालेन्द्र शाह भारतको दुई दिने राजकीय भ्रमणका लागि आज त्यसतर्फ जाँदै छन् । प्रधानमन्त्री नियुक्त भएपछि उनको यो पहिलो भारत भ्रमण हो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा हुन लागेको भ्रमणलाई दुई देशबीचको सम्बन्ध पुनरावलोकन, आर्थिक सहकार्य विस्तार र विकास साझेदारीका दृष्टिले महत्त्वपूर्ण रूपमा हेरिएको छ ।

प्रधानमन्त्री शाह नेपाल एयरलाइन्सको नियमित उडानमार्फत आज दिउँसो १:४५ बजे नयाँ दिल्ली प्रस्थान गर्ने परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले बताए । भारतीय समयअनुसार दिउँसो ३:१५ बजे विमानस्थलमा अवतरण गर्ने र नेपाली समयअनुसार करिब ३:३० बजे पुग्ने कार्यक्रम छ । विमानस्थलमा उनलाई भारत सरकारका उद्योग तथा वाणिज्य राज्यमन्त्री जितिन प्रसादले स्वागत गर्ने छन् ।

⏭ क्रमशः पृष्ठ २ मा



प्रधानमन्त्री सचिवालयबाट को-को ?

प्रमुख सल्लाहकार कुमार बेन, राजनीतिक सल्लाहकार अशिम शाह, आइटी सल्लाहकार विवेक मिश्र, मिडिया व्यवस्थापन संयोजक दीपा दाहाल, निजी सचिव प्रदीप परियार, फोटोग्राफर विनय शाक्य, सल्लाहकार सुवास शर्मा

दुई मन्त्री

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल

भ्रमणको कार्यतालिका

आइतबार (पहिलो दिन)

- दिउँसो १:४५ बजे नेपाल एयरलाइन्सको नियमित उडानबाट नयाँ दिल्ली प्रस्थान
- अपराह्न ३:४५ बजे इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण
- विमानस्थलमा भारतीय उद्योग तथा वाणिज्य राज्यमन्त्री जितिन प्रसादबाट स्वागत
- नयाँ दिल्लीस्थित होटल ताज मानसिंह प्रस्थान
- साँझ ६ बजे भारतीय विदेशमन्त्री डा. एस जयशंकरसँग शिष्टाचार भेटवार्ता
- साँझ नेपाल र भारतका उद्योगी-व्यवसायीबीच अन्तरक्रिया कार्यक्रम

सोमबार (दोस्रो दिन)

- बिहान १० बजे राष्ट्रपति भवनमा औपचारिक स्वागत
- बिहान १०:४० बजे राजघाट पुगेर महात्मा गान्धीप्रति श्रद्धाञ्जलि अर्पण
- बिहान ११ बजे हैदराबाद हाउसमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय भेटवार्ता र दुई देशबीच विभिन्न समझदारीपत्र आदानप्रदान तथा संयुक्त पत्रकार सम्मेलन
- भारतीय प्रधानमन्त्री मोदीद्वारा आयोजित दिवाभोजमा सहभागिता
- दिउँसो ३:१५ बजे राष्ट्रपति द्रौपदी मुर्मूसँग भेटवार्ता
- उच्चस्तरीय भेटघाट सम्पन्न गरी स्वदेश फिर्ता
- भ्रमण टोलीमा ३४ जना सरकारी र ५२ जना निजी क्षेत्रका रहने ।

सन्दर्भः वैदेशिक रोजगार

मन्त्रालयमा वैदेशिक रोजगारसम्बन्धी गुनासो लिएर आउने बढ्दै

■ प्रभाव संवाददाता

काठमाडौं– युवा, श्रम तथा रोजगार मन्त्रालयमा वैदेशिक रोजगारसम्बन्धी उजुरी बढ्न थालेको छ । मन्त्रालयले केही समययता व्यवस्थितरूपमा श्रमिकका गुनासो सुन्न थालेकाले समस्या लिएर आउनेहरूको संख्यामा बढ्दै गएको हो ।

मन्त्रालयले गत जेठदेखि गुनासो सम्बोधनका लागि शाखा नै स्थापना गरेको छ । उक्त शाखामा हाल दैनिक औसत १०० वटा गुनासो आउने गरेको मन्त्रालयका उपसचिव एवं गुनासो सुन्ने अधिकारी गुरुदत्त सुवेदीले बताए । विभिन्न माध्यमबाट आउने यस्ता गुनासो ९० प्रतिशत वैदेशिक रोजगारीसँग सम्बन्धित रहेको सुवेदीले बताए ।

'दैनिक औसत १०० वटा गुनासो आउने गरेको छ । टेलिफोन, ह्वाट्सएप, इमेल, हेलो सरकारलगायतका माध्यमबाट गुनासो आउँछन्,' उनले भने, 'कतिपय मन्त्रालयमै आएर समस्या सुनाउनुहुन्छ । आउने गुनासामध्ये ९० प्रतिशत वैदेशिक रोजगारीका छन् ।'

मन्त्रालयमा आउने गुनासो हेर्दा व्यक्तिगत श्रम स्वीकृतिमा रोजगारीमा



जान खोज्नेहरू ठगिएको भन्दै आउने गरेको जनाइएको छ । इजाजतपत्र प्राप्त संस्थामार्फत जानेहरू भने गन्तव्य मुलुकमा पुगेपछि तोकिएको तलव नदिने, सम्झौताबमोजिम सेवा सुविधा नपाउनेजस्ता समस्यामा पर्ने गरेको पाइएको छ । समस्या समाधानका लागि मन्त्रालयले विभिन्न निकायसँग समन्वयकारी भूमिका निर्वाह गरिरहेको सुवेदीले बताए ।

'हामीले वैदेशिक रोजगार विभागलाई भन्ने, क्षतिपूर्ति, राहतजस्ता विषय मिलाउन म्यानपावरलाई निर्देशन दिने, दूतावासमा पत्राचार गर्ने तथा श्रम सहचारी, काउन्सेलरसँग सहकार्य गरेर गुनासो सम्बोधन गर्छौं,' उनले भने, 'उद्धार गर्नुपर्ने, जेलमा रहेकालाई निकाल्नपर्ने, बेपत्ताको खोजी, ठगी गर्नेलाई पक्राउ गर्नेलगायतका समस्यामा केही समय लाग्छ ।'

मुलुकबाट प्रत्येक वर्ष सातदेखि आठ लाख युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने गरेका छन् । रोजगारीका लागि विभिन्न मुलुक जाने प्रवृत्ति बढिरहेका बेला आकर्षक रोजगारीको प्रलोभनमा हुने ठगी बढेको पाइन्छ । केही वर्षयता वैदेशिक रोजगार विभागमा वार्षिक पाँच हजारभन्दा बढी व्यक्तिगत ठगीका उजुरी पर्न थालेका छन् । वि.सं. २०६४ देखि हालसम्म विभागमा ४० हजारभन्दा बढी ठगीको उजुरी परेको तथ्यांक छ । जसमा १३ हजार वटा मुद्दा सक्रिय रहेकामा २७ हजारभन्दा बढी मुद्दामाथि प्रभावकारी अनुसन्धान हुन नसकेको पाइएको छ ।

> दैनिक औसत १०० वटा गुनासो आउने गरेको छ । टेलिफोन, ह्वाट्सएप, इमेल, हेलो सरकारलगायतका माध्यमबाट गुनासो आउँछन् । कतिपय मन्त्रालयमै आएर समस्या सुनाउनुहुन्छ । आउने गुनासामध्ये ९० प्रतिशत वैदेशिक रोजगारीका छन् ।
>
> ■ गुरुदत्त सुवेदी
> गुनासो सुन्ने अधिकारी
> श्रम मन्त्रालय

यो समस्यालाई मध्यनजर गर्दै सरकारले वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्ने प्रस्ताव अघि बढाइसकेको छ । श्रम मन्त्रालयले व्यक्तिगत ठगीको उजुरी तथा अनुसन्धान नेपाल प्रहरीले गर्ने र अभियोजन तथा न्याय निरूपण जिल्ला अदालतमार्फत गर्ने गरी ऐन संशोधनसमेत अघि बढाएको जनाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

मानव अधिकारको सम्मान गरौं

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- मानव अधिकारको उल्लंघन भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं

01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री शाह...

दिल्लीस्थित नेपाली दूतावासका प्रवक्ता अम्बिका जोशीका अनुसार भ्रमणको सम्पूर्ण तयारी पूरा भएको छ । उनले भनेकी छन्, 'प्रधानमन्त्रीज्यू नेपाल एयरलाइन्सको उडानमार्फत अपराह्न ३:४५ बजे भारतको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नुहुनेछ । विमानस्थलमा उहाँलाई भारत सरकारका उद्योग तथा वाणिज्य राज्यमन्त्री जितिन प्रसादले स्वागत गर्नुहुने कार्यक्रम रहेको छ ।'

विमानस्थलबाट प्रधानमन्त्री शाह सीधै नयाँ दिल्लीस्थित होटल ताज मानसिंह जाने छन् । आज साँझ ६ बजे भारतीय विदेशमन्त्री डा. एस जयशंकरले प्रधानमन्त्री शाहसँग शिष्टाचार भेटवार्ता गर्ने कार्यक्रम छ । भ्रमणको पहिलो दिन नेपाल र भारतका उद्योगी-व्यवसायीबीच विशेष अन्तरक्रिया तथा व्यावसायिक सहकार्यसम्बन्धी कार्यक्रम पनि आयोजना हुने छ ।

भ्रमणको दोस्रो दिन सोमबार प्रधानमन्त्री शाहको औपचारिक कार्यक्रम व्यस्त रहने छ । बिहान १० बजे राष्ट्रपति भवनमा उनको औपचारिक स्वागत गरिने छ । त्यसपछि १०:४० बजे राजघाट पुगेर महात्मा गान्धीप्रति श्रद्धाञ्जलि अर्पण गर्ने कार्यक्रम छ । सोमबार बिहान ११ बजे हैदराबाद हाउसमा भारतीय प्रधानमन्त्री मोदीसँग प्रधानमन्त्री शाहको भेटवार्ता हुने छ । भेटपछि प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता हुने छ । दुई देशबीच विभिन्न विषयमा समझदारीपत्र आदानप्रदान गर्ने तथा संयुक्त पत्रकार वक्तव्य जारी गर्ने कार्यक्रम छ ।

भारतीय प्रधानमन्त्री मोदीले नेपाली समकक्षी शाहको सम्मानमा दिवाभोज आयोजना गर्ने छन् । सोमबार दिउँसो ३:१५ बजे राष्ट्रपति द्रौपदी मुर्मूसँग प्रधानमन्त्री शाहको भेटवार्ता हुने छ । त्यसपछि उनी स्वदेश फर्किने कार्यक्रम छ । नेपालको परराष्ट्र मन्त्रालयका अनुसार भ्रमणका क्रममा व्यापार, पारवहन, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल र पूर्वाधार विकासलगायत विषयमा छलफल हुने छ । शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, विपद् व्यवस्थापन तथा मानव संसाधन विकासका क्षेत्रमा पनि समझदारीपत्रमा हस्ताक्षर गर्ने तयारी छ । प्रधानमन्त्री शाहको नेतृत्वमा ३४ सदस्यीय सरकारी प्रतिनिधिमण्डल भारत जाने छ । यसबाहेक निजी क्षेत्रका ५२ जना प्रतिनिधि आफ्नै खर्चमा भ्रमणमा सहभागी हुने छन् । प्रधानमन्त्री शाहले भारत भ्रमणमा आफ्नो सचिवालयका सीमित सदस्यलाई मात्रै सहभागी गराउने भएका छन् । प्रधानमन्त्रीको सचिवालयमा २६ जना सदस्य रहे पनि भ्रमणमा आठ जनामात्रै सहभागी हुने छन् ।

प्रधानमन्त्रीसँगै भारत जाने सचिवालयका सदस्यमा प्रमुख सल्लाहकार कुमार बेन, राजनीतिक सल्लाहकार अशिम शाह, आइटी सल्लाहकार विवेक मिश्र, मिडिया व्यवस्थापन संयोजक दीपा दाहाल, निजी सचिव प्रदीप परियार, फोटोग्राफर विनय शाक्य र सल्लाहकार सुवास शर्मा छन् । तर, भ्रमण टोलीमा सचिवालयका सदस्यमात्रै होइन, सरकारी र निजी क्षेत्रका प्रतिनिधिसमेत सहभागी हुने छन् । सरकारी प्रतिनिधिमण्डल ३४ सदस्यीय हुने छ भने निजी क्षेत्रका ५२ जना प्रतिनिधि आफ्नै खर्चमा भारत जाने छन् । सरकारी टोलीमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार बेन, राजनीतिक सल्लाहकार शाहलगायत उच्च पदस्थ अधिकारी रहने छन् ।

प्राथमिकतामा हवाई प्रवेश मार्ग र आर्थिक सहकार्य

प्रधानमन्त्री शाहको भारत भ्रमणमा आर्थिक सहकार्य र हवाई सम्पर्क विस्तारलाई विशेष प्राथमिकता दिइएको छ । नेपालले लामो समयदेखि माग गर्दै आएको थप हवाई प्रवेश मार्गको विषय यसपटकको द्विपक्षीय वार्तामा उठाउने तयारी छ ।

नेपालले भैरहवा, नेपालगञ्ज, महेन्द्रनगर र जनकपुरबाट भारतीय आकाश हुँदै थप हवाई प्रवेश मार्ग उपलब्ध गराउन आग्रह गर्दै आएको छ । भारतले विगतमा सुरक्षा संवेदनशीलता देखाउँदै यस विषयमा सहमति जनाएको छैन । यसपटक भने कम्तीमा एउटा हवाई मार्ग उपलब्ध गराउने विषयमा छलफल हुने अपेक्षा गरिएको छ ।

भारत महेन्द्रनगरबाट हवाई प्रवेश मार्ग उपलब्ध गराउने प्रस्तावमा सकारात्मक देखिएको बताइएको छ । तर, नेपालले भैरहवाको मार्गलाई प्राथमिकता दिँदै आएको छ । भैरहवाबाट कम उचाइमा विमान प्रवेश गर्न सकिने भएकाले अन्तर्राष्ट्रिय उडानका लागि यो मार्ग बढी उपयुक्त हुने नेपालको तर्क छ । यद्यपि, यस विषयमा अन्तिम सहमति भइसकेको छैन ।

यसैगरी, भ्रमणका क्रममा अयोध्या-जनकपुर रेलमार्ग, काभ्रेको पनौतीस्थित नेपाल प्रहरी एकेडेमीको नयाँ भवन, दार्चुलाको पुल र भैरहवास्थित एकीकृत जाँच चौकी (आइसिपी) उद्घाटन गर्ने तयारी छ । अमलेखगञ्जदेखि चितवनसम्मको पेट्रोलियम पाइपलाइन परियोजनाको शिलान्यास गर्ने कार्यक्रम पनि छ । सूचना प्रविधि, बन्दरगाह तथा अन्य विकासका क्षेत्रमा सहकार्यसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने तयारी गरिएको छ । भ्रमणका क्रममा एक दर्जनभन्दा बढी परियोजनाको उद्घाटन तथा शिलान्यास गर्ने कार्यक्रम रहेको छ ।

प्रधानमन्त्री शाहलाई सांसद निर्वाचित भएलगत्तै भारतीय प्रधानमन्त्री मोदीले भारत भ्रमणको निमन्त्रणा दिएका थिए । तर, सुरुमा शाहले भारत भ्रमणमा जाने इच्छा देखाएका थिएनन् । उनले एक वर्षसम्म कुनै पनि देशको भ्रमण नगर्ने नीति लिएका थिए । तर, केही महिनाअघि दुई देशबीचको सम्बन्ध र संवादलाई निरन्तरता दिन प्रधानमन्त्रीका प्रमुख सल्लाहकार बेन भारत गएका थिए । त्यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले पनि भारत भ्रमण गरेका थिए । परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री स्वर्णिम वाग्लेलेसमेत भारत भ्रमण गरिसकेका छन् ।

प्रधानमन्त्री शाह भने संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन अमेरिका पुगेका थिए । त्यसयता उनको पहिलो औपचारिक द्विपक्षीय भारत भ्रमण हुन लागेको हो । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीको भारत भ्रमण स्वीकृत गरेको थियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिनाले मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै भ्रमण स्वीकृत भएको जानकारी दिएका थिए । प्रधानमन्त्री शाह सोमबार उच्चस्तरीय भेटवार्ता र द्विपक्षीय छलफल सम्पन्न गरी स्वदेश फर्किने छन् ।

■■■

सुदूरपश्चिम रोयल्स...

त्यसपछि तेस्रो खेलमा विराटनगरसँग पराजित भए पनि चितवन, कर्णाली, जनकपुर र काठमाडौंलाई लगातार हराउँदै लिग चरणमा दोस्रो स्थान हासिल गऱ्यो । सुदूरपश्चिमले लिग चरणमा १० अंक बटुलेको थियो ।

त्यसपछि पहिलो क्वालिफायरमा लुम्बिनीसँग पराजित भएपछि, सुदूरपश्चिमले दोस्रो क्वालिफायर खेल्नुपरेको थियो । चितवनलाई हराउँदै सुदूरपश्चिमले फाइनल यात्रा तय गर्न सफल भयो । यसरी सुदूरपश्चिमले लगातार दुई खेल जित्दै लगातार तेस्रोपटक उपाधि भिडन्तसम्मको यात्रा तय गर्न सफल भएको थियो । त्यसो त लुम्बिनीले प्रतियोगिताको सुरुआतदेखि नै राम्रो खेल प्रदर्शन गर्दै आएको थियो । पहिलो खेलमा सुदूरपश्चिमलाई हराएको लुम्बिनीको दोस्रो खेल चितवन राइनोजसँग वर्षाका कारण रद्द भएको थियो ।

त्यसैगरी, पोखरा र जनकपुरलाई हराएको लुम्बिनी पाँचौं खेलमा काठमाडौंसँग पराजित भएको थियो । त्यसपछि कर्णाली र विराटनगरलाई हराउँदै लिग चरणको शीर्ष स्थानमा रहऱ्यो । लिग चरणमा लुम्बिनीले ११ अंक बटुलेको थियो । पहिलो क्वालिफायरमा पनि लुम्बिनीले सुदूरपश्चिमलाई पराजित गऱ्यो । यससँगै टोलीले सीधै फाइनलमा स्थान बनाएको थियो ।

फाइनलमा सुदूरपश्चिमको शानदार जित

शनिबारको फाइनल खेलमा जर्ज मन्सीको आक्रामक शतकको मद्दतमा सुदूरपश्चिम रोयल्सले लुम्बिनी लायन्समाथि १० विकेटको शानदार जित निकालेको हो । लुम्बिनीले दिएको १५६ रनको लक्ष्य पच्छाएको सुदूरपश्चिमले १३.३ ओभरमा कुनै विकेट नगुमाई लक्ष्य पूरा गऱ्यो । सुदूरपश्चिमको जितका नायक बनेका मन्सीले अविजित १२५ रनको विस्फोटक इनिङ्स खेले । उनले मात्र ५४ बलमा आठ चौका र १२ छक्का प्रहार गर्दै १२५ रनको योगदान दिएका हुन् । उनको ब्याटिङले लुम्बिनीका बलरलाई सुरुदेखि नै दबावमा राखेको थियो ।

मन्सीलाई साथ दिएका विनोद भण्डारीले पनि अविजित ३० रन बनाए । उनले २७ बलमा तीन चौका प्रहार गर्दै ३० रन जोडेका हुन । दुवै ब्याटरबीच पहिलो विकेटका लागि १५८ रनको अविजित साझेदारी भएको थियो । मन्सीले २८ बलमा अर्धशतक पूरा गरेका थिए भने ४९ बलमै शतक प्रहार गर्दै आफ्नो आक्रामक लय देखाए । सुदूरपश्चिमले पावरप्लेमामात्रै ६० रन जोडेको थियो । त्यसपछि पनि लुम्बिनीका बलरले विकेट लिन सकेनन् ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १५५ रनको योगफल बनाएको थियो । लुम्बिनीका लागि दिलीप नाथले अविजित ३९ रन बनाए । उनले ३१ बलमा ३ छक्का प्रहार गरे । त्यसैगरी कप्तान रोहितकुमार पौडेलले ३१ बलमा ३० रन जोड्दा निरोशन डिक्वेलाले १७ बलमा २८ रन बनाए । अलि शेखले १२ बलमा २४ रन जोड्दा डी'आर्सी शर्टले १८ बलमा २१ रनको योगदान दिए ।

सुदूरपश्चिमका स्कट कुगेलेइनले २५ रन खर्चेर २ विकेट लिए । हेमन्त धामी, थारिन्दु रत्नायके र दीपेन्द्रसिंह ऐरीले समान १/१ विकेट हात पार । विभिन्न आठ टोली सहभागी यस प्रतियोगितामा काठमाडौं गोर्खाज सात खेलमा चार जित र तीन हारसहित आठ अंक जोड्दै तेस्रो स्थानमा रहऱ्यो । यता चितवन राइनोज तीन जित, तीन हार र एक खेलमा बराबरीसहित चौथो स्थानमा रहऱ्यो । चितवनले सात अंक जोडेको थियो ।

तयसै गरी विराटनगर किङ्स पाँचौं र कर्णाली याक्स छैटौं स्थानमा रहे । दुवै टोलीले समान सात खेलबाट तीन जित र चार हारसहित समान छ अंक जोडका थिए । नेट रनरेटका आधारमा विराटनगरले कर्णालीलाई पछि पारेको हो । पोखरा एभेन्जर्स दुई जित र पाँच हारसहित चार अंक जोडेर सातौं स्थानमा रहऱ्यो । त्यस्तै, पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्स पनि दुई जित र पाँच हारसहित समान चार अंक जोड्दै अन्तिम स्थानमा सीमित भयो । नेट रनरेटमा भने पोखरा जनकपुरभन्दा अगाडि रहऱ्यो ।

■■■

रिजन ढकालले...

'प्लेअर अफ दि टुर्नामेन्ट' सुदूरपश्चिम रोयल्सका कप्तान ऐरी घोषित भए । उनले प्रतियोगितामा तीन अर्धतकसहित २१८ रन बनाउनुका साथै छ विकेट लिएका थिए । उनले पाँच लाख रूपैयाँ पुरस्कार हात पारेका छन् । रेड बुल इनर्जेटिक प्लेयर चितवन राइनोजका श्रीलंकन ब्याटर कमिल मिशारा घोषित भए । उनले दुई लाख रूपैयाँ हात पारे । प्रतियोगिताको सर्वोत्कृष्ट ब्याटर विराटगर किंग्सका लोकेश बम घोषित भए । उनले २४२ रन बनाए । उनले पनि पल्सर बाइक प्राप्त गरेका छन् ।

यसैगरी जनकपुर बोल्ट्सका युवा बलर राहुल यादवले इमर्जिङ प्लेअरको अवार्ड जिते । उनले पनि पल्सर मोटरबाइक अवार्ड जिते ।

सुदूरपश्चिमलाई १० विकेटको जितसहित च्याम्पियन बनाउन सहयोग गरेका सुदूरपश्चिमका जर्ज मन्से फाइनल खेलको 'प्लेयर अफ द म्याच' घोषित भएका छन् । उपविजेता लुम्बिनी लायन्सले 'स्पिरिट अफ क्रिकेट'को अवार्ड प्राप्त गरेको छ ।

■■■

मन्त्रालयमा वैदेशिक...

राज्यले प्रभावकारी कानुन बनाएर कार्यान्वयनमा ल्याएपछि मात्र यस क्षेत्रको समस्या घट्ने देखिन्छ । ठगीलगायतका गुनासो बढ्दै जाँदा समस्याको समाधान थप जटिल बन्ने हुँदा यसलाई न्यूनीकरण गर्न वैदेशिक रोजगारीमा जाने व्यक्तिको ठूलो भूमिका हुने उपसचिव सुवेदीको भनाइ छ । रोजगारीमा जाने व्यक्ति स्वयं सचेत भएर आफू जाने मुलुकको विषयमा आधिकारिक स्रोतबाट जानकारी लिनपर्ने जनाइएको छ ।

हाल राज्यले पनि यसका लागि पहल गरिरहे पनि त्यो पर्याप्त नभएको सुवेदीको भनाइ छ । 'सचेतना बढाउन प्रत्येक जिल्लामा रहेका आप्रवासी स्रोत केन्द्रले राहदानी बनाउँदादेखि नै आवश्यक सल्लाह दिइरहेका छन् । विभिन्न तालिम, कार्यक्रम, विज्ञापन आदिबाट पनि सचेत गराइरहेको छ । तर त्यो अपर्याप्त भएर होला समस्या चाहिँ आइरहेको छ,' उनले भने ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०७८/०६/१७ मा दर्ता भएको **एड्भान्स करियर ईम्पावरमेन्ट सोलुसन्स प्राइभेट लिमिटेड (प्रा. लि. नं. २७४०८८)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०६९/१२/२१ मा दर्ता भएको **सफल एग्रो प्राइभेट लिमिटेड (प्रा. लि. नं. १११२२१)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

सूचना ! सूचना !! सूचना !!!

प्रकाशित सूचना मिति : २०८३/०८/०६ गते, आइतबार

यस **जनउत्थान प्रतिष्ठान**को **वार्षिक साधारणसभा/अधिवेशन** मिति २०८३ साल **मंसिर २० गते शनिबार**को दिन ठिक ११:०० बजे प्रतिष्ठानको कार्यालय कलंकीमा बस्ने भएको हुँदा उपस्थितिको लागि सम्पूर्ण साधारण सदस्य ज्युहरूमा हार्दिक अनुरोध गर्दछु ।

रणबहादुर रम्तेल (अध्यक्ष)
सम्पर्क नं.९८४१७०९७७७

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०४/२४ मा दर्ता भएको प्रा.लि.नं.१५३४९४ को **शैलेश्वरी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ट्रेकिङ लाइसेन्सको ब्लुबुक हराएको सूचना

बौद्धबाट कपन जाने क्रममा गत कात्तिक १५ गते सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड नगरपालिका-८ स्थायी ठेगाना भएका ठिनाम तामाङको १८४५४ नम्बरको ट्रेकिङ लाइसेन्सको ब्लुबुक हराएको हुँदा फेला पार्नु हुने महानुभावले मोबाइल नम्बर ९८४०९४९७५२ मा सम्पर्क गरी जानकारी दिनुहुन सविनय अनुरोध गर्दछु ।

लाइसेन्स नम्बर : १८४५४
नाम : ठिनाम तामाङ
स्थायी ठेगाना : सोलुदुधकुण्ड नगरपालिका-८, सोलुखुम्बु
सम्पर्क नम्बर : ९८४०९४९७५२

वारेसनामा बदर गरिएको बारे सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/०६ गते, आइतबार

श्री अस्मिता तिम्सिना ज्यू,
जिल्ला सुनसरी इटहरी उपमहानगरपालिका वडा नम्बर १ नं.
प्र.नं.८६७०७, जारी मिति २०६४/१०/०३ जि.प्र.का.मोरङ

विषय : वारिसेनामा बदर गरिएको बारे ।

उपरोक्त सम्बन्धमा म जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा नम्बर १ जोगीदह बस्ने नागरिकता प्रमाणपत्र नम्बर ७३१९३ जारी मिति २०६०/२/१ तेस्रो प्रतिलिपि २०७४/१२/०५ जि.प्र.का उदयपुरको श्याम पोखरेलले मिति २०८२ साल चैत्र ६ गते उदयपुर जिल्ला अदालतमा गई मेरो अनुपस्थितिमा अड्डामा उपस्थित भई फिराद-पत्र, प्रतिउत्तरपत्र, म्याद बुझ्न, वारेस तथा कानुन व्यवसायी नियुक्त गर्न, मुद्दा मिलापत्र गर्न तथा फिर्ता लिन जस्ता सबै खाले मुद्दाहरूमा कार्य गर्ने गरी तपाईंलाई अधिकृत वारेसनामा सहीछाप गरी दिएकोमा अब आइन्दा उक्त काम कारवाही म आफैले गर्ने भएकाले तपाईंलाई दिएको उक्त **वारेसनामा** आजैको मितिबाट पूर्णरूपमा **बदर** गरिएको सार्वजनिक जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सूचना प्रकाशित गर्ने
नाम थर : श्याम पोखरेल
ठेगाना : त्रियुगा न.पा.१ जोगिदह, उदयपुर
ना.प्र.नं. : ७३१९३ जि.प्र.का. उदपुर
सम्पर्क नं. : ९८२४५८४९६७

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ०६ मंसिर, २०८३

मेष आम्दानीका नयाँ स्रोत भेटिन सक्छन अनावश्यक विवादबाट टाढा रहनुहोला।

वृष आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ ।

मिथुन रोकिएका काम अघि बढ्नेछन् । नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला ।

कर्कट आर्थिक पक्ष सबल बन्नेछ । परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ ।

सिंह नयाँ कामको योजना बन्नेछ । साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ ।

कन्या काममा उत्साह बढ्नेछ । पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ ।

तुला जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ । बोली र व्यवहारमा संयम अपनाउनुहोला ।

वृश्चिक नयाँ अवसर प्राप्त हुनेछन् । रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ ।

धनु सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ ।

मकर मेहनतअनुसार सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला ।

कुम्भ नयाँ योजना सफल हुने संकेत छ । दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ ।

मीन दिन उत्साहपूर्ण रहनेछ । अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्ससरररक्तसञ्चार सेवा नेसनल	४४५५४०/४२५५५४१ ६६१२२६६
किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२९१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

०६ मंसिर, २०८३ (२२ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१४७.९८	१४८.५८
युरो	१	१६२.४१	१६३.०७
पाउन्ड स्टर्लिङ	१	१९३.९६	१९४.७५
स्विस फ्रैन्क	१	१७५.८८	१७६.६०
अस्ट्रेलियन डलर	१	९८.५५	९८.९५
क्यानाडियन डलर	१	१०३.३३	१०३.७५
सिङ्गापुर डलर	१	११४.७७	११५.२४
जापानी येन	१०	९.३२	९.३६
चिनियाँ युआन	१	२२.१६	२२.२५
साउदी अरब रियाल	१	३९.४४	३९.६०
कतारी रियाल	१	४०.६१	४०.७८
थाई भाट	१	४.३६	४.३८
संयुक्त अरब इमिरेट दिराम	१	४०.२९	४०.४५
मलेसियन रिङ्गेट	१	३५.९८	३६.१३
दक्षिण कोरियन वन	१००	११.०६	११.११
स्विडिस क्रोनर	१	१४.५१	१४.५७
डेनिस क्रोनर	१	२१.७३	२१.८२
हङकङ डलर	१	१८.८८	१८.९६
कुवेती दिनार	१	४७८.९०	४८०.८४
बहराइन दिनार	१	३९२.२९	३९३.८८

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



चर्खामा धागो काट्दै ज्येष्ठ नागरिक | भक्तपुरको मध्यपुर थिमि नगरपालिकाको आयोजनामा नेपाल–जापान कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वार्षिकोत्सवका अवसरमा शुक्रबार आयोजित नेपाल–जापान सांस्कृतिक महोत्सवमा चर्खामा धागो काट्न सहभागी स्थानीय ज्येष्ठ नागरिक । *तस्बिरः रासस*

शान्ति प्रक्रियाका बाँकी काम अविलम्ब पूरा गर्न दाहालको आग्रह

■ प्रभाव संवाददाता



काठमाडौं– नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहालले विस्तृत शान्ति सम्झौताका बाँकी कामहरू अविलम्ब पूरा गर्न सरकार, राजनीतिक दल र सरोकारवाला पक्षलाई आग्रह गरेका छन् ।

विस्तृत शान्ति सम्झौता भएको दिन (मंसिर ५) को अवसरमा शनिबार एक सन्देश जारी गर्दै उनले संक्रमणकालीन न्यायको प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु आजको राष्ट्रिय आवश्यकता भएको बताएका हुन् ।

२०६३ मंसिर ५ गते तत्कालीन नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विद्रोही नेकपा माओवादीका तर्फबाट अध्यक्षका रूपमा आफूले शान्ति सम्झौतामा हस्ताक्षर गरेको स्मरण गर्दै संयोजक दाहालले उक्त सम्झौता नेपाली जनताको त्याग, बलिदान र संघर्षबाट निर्मित राष्ट्रिय सहमतिको दस्तावेज भएको उल्लेख गरेका छन् ।

उनले भनेका छन्, 'विस्तृत शान्ति सम्झौताकै जगमा संविधानसभाको निर्वाचन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, समावेशी लोकतन्त्र र संविधान निर्माणजस्ता ऐतिहासिक उपलब्धि हासिल भए । तर, सम्झौताका सबै प्रतिबद्धता अझै पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन् ।'

विशेषगरी द्वन्द्वपीडितलाई न्याय, सत्य निरूपण तथा मेलमिलाप, बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्ने कार्य र संक्रमणकालीन न्यायका बाँकी काम पूरा गर्ने दायित्व अझै बाँकी उनको भनाइ छ । शान्ति सम्झौताको मर्म द्वन्द्वको अन्त्यमात्र नभई पीडितलाई न्याय, समाजमा मेलमिलाप र सुशासनसहितको समृद्ध राष्ट्र निर्माण गर्नु रहेको उनले स्पष्ट पारेका छन् ।

संयोजक दाहालले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन आहुति दिने सहित तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै शान्ति प्रक्रियामा योगदान पुऱ्याउने राजनीतिक दल, नागरिक समाज, सुरक्षाकर्मी र आम नागरिकप्रति आभार प्रकट गरेका छन् । उनले शान्ति सम्झौता राष्ट्रिय प्रतिबद्धता भएकाले यसको पूर्णकार्यान्वयन गर्नु सबैको साझा जिम्मेवारी भएको सन्देशमा उल्लेख गरेका छन् ।

विदेशमा रहेका नेपालीको मताधिकार

कानुन संशोधनका लागि तीन विकल्प

■ प्रकाश सिलवाल

काठमाडौं– विदेशमा रहेका नेपालीलाई मताधिकार सुनिश्चित र अन्तरजिल्ला मतदाताको व्यवस्था गर्न विभिन्न विकल्पसहित निर्वाचन आयोगले विद्यमान कानुनमा संशोधनका लागि प्रस्ताव अघि बढाएको छ । निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अवसर प्रदान गर्न विभिन्न विकल्पसहित सरकारलाई कानुन संशोधनका लागि सुझाव दिएको छ ।

सर्वोच्च अदालतलेसमेत विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउन आदेश दिइसकेको र प्रमुख राजनीतिक दलहरूले पनि यस विषयमा प्रतिबद्धता व्यक्त गरेकाले अब हुने निर्वाचनदेखि नै यसको कार्यान्वयन गर्ने तयारीमा आयोग रहेको छ । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता जगदीश खरेलले आफ्नो पार्टीले निर्वाचन घोषणापत्रमा विदेशमा रहेका मतदाताको मताधिकारको मुद्दालाई प्राथमिकता दिएकाले अब हुने निर्वाचनमा यसको व्यवस्थापन गर्नुपर्ने बताए । शुक्रबार आयोग र राष्ट्रिय मान्यता प्राप्त दलका शीर्ष नेताहरूबीचको छलफलमा यो विषय पनि उठाइएको उनले बताए ।

आयोगका कानुन हेर्ने सहसचिव मानबहादुर बस्नेतका अनुसार गृह मन्त्रालयमा कानुन संशोधनका लागि पठाइएको प्रस्तावमा बाहच (विदेशमा रहेका मतदाताको मतदान र अन्तरजिल्ला) मतदानको व्यवस्था गरिएको छ । बाहच मतदानका लागि मूल मतदाता नामावलीमा नाम भएका मतदाताले आयोगले खुलाएका बखत बेग्लै आवेदन दिई बाहच मतदाताको सूचीमा समावेश हुनुपर्ने छ । बाहच मतदातामा नाम समावेश गरेपछि मूल स्थायी मतदाता रहेको स्थानमा मतदान गर्न पाइने छ । बाहच मतदाताका लागि बेग्लै निर्वाचन अधिकृतको प्रबन्ध पनि गरिने आयोगले जनाएको छ ।

'हामीले विकल्पसहित कानुन संशोधन गर्न सरकारलाई भनेका छौं । एकीकृत निर्वाचन कानुन संशोधनका लागि विगतमै सरकारलाई मस्यौदा दिइसकिएको छ। अब बाहच मतदानको विषय थप भएको छ,' सहसचिव बस्नेतले भने, 'कानुन संशोधन भए पनि आवश्यक प्रविधि र पूर्वाधार विकासका लागि आयोगले तयारी गर्ने छ ।'

सहसचिव बस्नेतले इन्टरनेट तथा प्रविधिमा आधारित रहेर विदेशमा रहेका नेपालीले आफू बसेकै स्थानबाट सुरक्षित डिजिटल माध्यम प्रयोग गरी मतदान गर्न सकिने पहिलो विकल्प दिइएको छ । दोस्रो विकल्पमा हुलाकमार्फत मतदान गर्ने व्यवस्था छ। यसमा मतदातालाई मतपत्र पठाउने र मतदानपछि मतपत्र हुलाकबाटै सम्बन्धित निर्वाचन कार्यालयमा फिर्ता पठाउने व्यवस्था गर्न सकिने छ । यी सबै विधिमध्ये नेपाल सरकारले रोजेको विकल्पमा मतदान गराइनेछ तर विदेशबाट नेपालीले मतदात गर्न पाउनका लागि सम्बन्धित मुलुकमा रहेको वैध भिसा आवश्यक पर्ने सहसचिव बस्नेतले बताए ।

यस्तै स्वदेशभित्र एक जिल्लाका मतदाताले अर्को जिल्लाबाट मतदान गर्न सक्नेगरी कानुन संशोधन प्रस्ताव गरिएको छ। गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले निर्वाचन आयोगबाट प्राप्त प्रस्तावमाथि सरकारले आवश्यक निर्णय गरी प्रक्रिया अघि बढाउने बताए ।

विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्ने विषय लामो समयदेखि उठ्दै आए पनि त्यसको व्यावहारिक कार्यान्वयन हुन सकेको छैन । वैदेशिक रोजगारी, अध्ययन, व्यवसाय तथा अन्य प्रयोजनले ठूलो संख्यामा नेपाली नागरिक विदेशमा रहेकाले उनीहरूलाई निर्वाचन प्रक्रियामा सहभागी गराउने विषय लोकतान्त्रिक प्रतिनिधित्व र नागरिक अधिकारसँग जोडिएको छ ।

नेपालको संविधानले प्रत्येक बालिग नागरिकलाई मतदानको अधिकार प्रदान गरेको छ । तर, रोजगारी तथा अन्य कारणले विदेशमा रहेका नेपाली नागरिकले स्वदेशमा हुने निर्वाचनमा मतदान गर्न पाउने प्रभावकारी व्यवस्था नहुँदा उनीहरू व्यवहारतः मताधिकार प्रयोग गर्नबाट बञ्चित हुँदै आएका छन् । यसले निर्वाचनमा सबै नागरिकको समान सहभागिताको प्रश्नसमेत उठाउँदै आएको छ ।

विदेशमा रहेका नेपाली नागरिकको मताधिकारको विषयमा सर्वोच्च अदालतले पनि सरकारका नाममा २०७४ चैतमा निर्देशनात्मक आदेश जारी गरिसकेको छ । सर्वोच्च अदालतले गरेको फैसलाको पूर्णपाठमा विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक कानुनी, प्राविधिक तथा व्यवस्थापकीय प्रबन्ध मिलाउन सरकारलाई आदेश दिएको थियो ।

अदालतले वैदेशिक रोजगारीमा रहेका नागरिकलाई मात्र नभई अध्ययन, पेसा, व्यवसाय तथा अन्य प्रयोजनले विदेशमा रहेका सबै योग्य नेपाली नागरिकलाई मतदानको अवसर दिनुपर्ने व्याख्या गरेको थियो । विदेशमा रहेका नेपालीले सम्बन्धित नेपाली कूटनीतिक नियोगमा उपस्थित भएर, प्रतिनिधिमार्फत, हुलाक वा विद्युतीय मतदान प्रणालीबाट मताधिकार प्रयोग गर्न सक्ने विकल्पमा आवश्यक अध्ययन गर्नसमेत आदेशमा उल्लेख छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले राष्ट्रिय मान्यताप्राप्त दलका शीर्ष नेताहरूसँग स्थानीय तह र प्रदेशसभाको निर्वाचनको सम्भावित मितिबारे छलफलसँगै बाहच मतदातालगायतका विषयमा परामर्शलाई थप अघि बढाइने बताए । आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यविधि तयार गरिसकेको छ । आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्न मुलुक तोकी उक्त मुलुकको सम्बन्धित कूटनीतिक नियोगबाट दर्ता गर्ने केन्द्र तोक्ने प्रस्ताव गरेको छ ।

दर्ताका लागि सम्बन्धित कर्मचारी तोक्न आयोगले परराष्ट्र मन्त्रालयलाई लेखी पठाउने प्रस्ताव गरिएको छ । विदेशमा रहेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन चाहेमा अनलाइन प्रणालीमार्फत फाराम भरी जैविक विवरण दिन आफूलाई पायक पर्ने स्थान र मिति प्रणालीबाट छनोट गर्न सक्ने छन् । *रासस*

जेब्रा क्रसिङमा सवारी नरोक्ने र सार्वजनिक यातायातमा दुर्व्यवहार हुने गरेको गुनासो



काठमाडौं (प्रस)– काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन सुधारका लागि आयोजित नागरिक सुनुवाइमा जेब्रा क्रसिङमा सवारीसाधन नरोक्ने, सार्वजनिक यातायातमा महिला यात्रुमाथि दुर्व्यवहार हुने तथा विद्यालय क्षेत्रमा ध्वनि प्रदूषण हुने गरी मोटरसाइकल चलाउने गरिएको गुनासो गरिएको छ ।

ट्राफिक प्रहरी प्रभाग गौशाला र काठमाडौं महानगरपालिका वडा नं. ९ को संयुक्त आयोजनामा सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत आयोजित नागरिक सुनुवाइमा स्थानीयवासी, विद्यार्थी तथा नागरिक समाजका प्रतिनिधिले ट्राफिक व्यवस्थापनमा देखिएका समस्या उठाउँदै सुधारका लागि सुझाव दिएका हुन् । उनीहरूले निर्धारित स्थानबाहिर यात्रु चढाउने र ओराल्ने प्रवृत्ति पनि नियन्त्रण गर्नुपर्नेमा जोड दिएका थिए ।

नागरिकका गुनासा तथा जिज्ञासाको जवाफ दिँदै काठमाडौं उपत्यका ट्राफिक प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले ट्राफिक व्यवस्थापनका समस्या समाधान गर्न प्रहरी प्रतिबद्ध रहेको बताए । उनले तत्काल सम्बोधन गर्न सकिने गुनासा कार्यान्वयनमा लैजाने र समय लाग्ने विषयलाई योजनाबद्ध रूपमा समाधान गरिने जानकारी दिए ।

सार्वजनिक यातायातमा महिला यात्रुमाथि दुर्व्यवहार गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याइने उल्लेख गर्दै उनले यात्रुको सुरक्षा र सम्मान सुनिश्चित गर्नु ट्राफिक प्रहरीको प्राथमिकता रहेको बताए । उपत्यकाको सवारी आवागमन सहज र सुरक्षित बनाउन एकीकृत स्मार्ट ट्राफिक व्यवस्थापन प्रणाली लागू गर्ने विषयमा अध्ययन तथा समन्वय भइरहेको उनले जानकारी दिए । उक्त प्रणाली कार्यान्वयनमा आएपछि कृत्रिम बौद्धिकता (एआई) मा आधारित क्यामेराबाट सवारी आवागमनको निगरानी तथा ट्राफिक नियम उल्लंघन गर्नेलाई कारबाही गरिने उनको भनाइ थियो ।

ध्वनि प्रदूषण नियन्त्रण अभियानअन्तर्गत चर्को आवाज निकाल्ने र मापदण्डविपरीत स्वरूप परिवर्तन गरिएका सवारीसाधन नियन्त्रणमा लिएर कारबाही भइरहेको पनि उनले बताए । गौशाला, चाबहिल, विमानस्थल, तीनकुने र जयबागेश्वरी क्षेत्रमा देखिएका अव्यवस्थित पार्किङ तथा ट्राफिक चिह्नसम्बन्धी समस्या समाधान गर्न मातहतका निकायलाई निर्देशन दिइएको उनले जानकारी दिए ।

कार्यक्रममा काठमाडौं महानगरपालिका वडा नं. ७ का वडाध्यक्ष विमलकुमार हाडा र वडा नं. ८ का वडाध्यक्ष आशामान संगतले आ-आफ्नो वडाको ट्राफिक व्यवस्थापन सुधारका लागि आवश्यक समन्वय र सहयोग गर्ने प्रतिबद्धता जनाए । कार्यक्रममा जनप्रतिनिधि, ट्राफिक प्रहरी अधिकारी, वडा कार्यालयका कर्मचारी, विद्यालयका विद्यार्थी, स्थानीयवासी तथा नागरिक समाजका प्रतिनिधिको सहभागिता थियो ।

युएइमा रोजगार | कम्पनी : Pak Hub Technical Services
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ | LT. No. 350655 | चलानी नं. ६०१६३५८२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.
1	Building Electrician	2	0	1600	६४,४५६
2	Buiding Painter	2	0	1600	६४,४५६
3	Air Conditioning Technicians	2	0	1600	६४,४५६
4	Building Steel Fixer	2	0	1600	६४,४५६
5	Assistant Electrician	2	0	1400	५६,३९९
6	Scaffolder	2	0	1600	६४,४५६
7	Black smith/welder	2	0	1600	६४,४५६
8	Asst Welder	2	0	1400	५६,३९९
9	Carpenter	2	0	1600	६४,४५६

ओभर टाईम सुविधा: श्रम नि. अनुसार | प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा | हप्ताना काम गर्ने दिन: ६ दिन | वार्षिक बिदा: श्रम नि. अनुसार | खाना सुविधा: छ | बस्ने सुविधा: छ | करार अवधि: २ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १३ गते (29th Nov. 2026) मा हुनेछ ।

रहदानी भरिने ठि मेडिकल गर्न लगाउने कार्य	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानी भरिने बिमा गर्ने काम	रोजगारका बिमा हुने/नहुने र लाग्ने रकम	हवाई टिकट गराउने दिने र कति लाग्ने	भिसा शुल्क गराउने दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र कति लाग्ने (नपालसपक्ष)	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले तिर्ने	बिमा स्टाम्पमा शुल्क गराउने तिर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पेट्रह मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एजेन्सीले आफूसंग गराइनुहोला । ६) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतालयमा सम्पर्क गर्नुहोला ।

STUPA OVERSEAS SERVICES PVT. LTD.
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418, Jhal Nath Chamlagain (Contact No. 9707570238)
E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

युएइमा रोजगार | कम्पनी : EMINENT SCAFFOLDING L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ | LT. No. 350636 | चलानी नं. ६०१६३५७५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.
1.	Scaffolder	5	0	1500	६०,४२८

ओभर टाईम सुविधा: श्रम अनुसार | प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा | हप्ताना काम गर्ने दिन: ६ दिन | वार्षिक बिदा: श्रम अनुसार | खाना सुविधा: छ | बस्ने सुविधा: छ | करार अवधि: २ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १३ गते (29th Nov. 2026) मा हुनेछ ।

रहदानी भरिने ठि मेडिकल गर्न लगाउने कार्य	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानी भरिने बिमा गर्ने काम	रोजगारका बिमा हुने/नहुने र लाग्ने रकम	हवाई टिकट गराउने दिने र कति लाग्ने	भिसा शुल्क गराउने दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र कति लाग्ने (नपालसपक्ष)	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले तिर्ने	बिमा स्टाम्पमा शुल्क गराउने तिर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	१०,०००/-	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पेट्रह मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एजेन्सीले आफूसंग गराइनुहोला । ६) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतालयमा सम्पर्क गर्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

युएइमा रोजगार | कम्पनी : ROHIT CONTRACTING L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०८/०८ | LT. No. 347637 | चलानी नं. ६०१६३५६७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.
1.	Building Demolish Labor	3	0	1500	२८,८७४
2.	Block & Stone Mason	2	0	1500	
3.	Asst. To Plasterer	3	0	1500	
4.	BUILDING CONSTRUCTION LABOR	3	0	1000	

ओभर टाईम सुविधा: श्रम अनुसार | प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा | हप्ताना काम गर्ने दिन: ६ दिन | वार्षिक बिदा: श्रम अनुसार | खाना सुविधा: छ | बस्ने सुविधा: छ | करार अवधि: २ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १३ गते (29th Nov. 2026) मा हुनेछ ।

रहदानी भरिने ठि मेडिकल गर्न लगाउने कार्य	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानी भरिने बिमा गर्ने काम	रोजगारका बिमा हुने/नहुने र लाग्ने रकम	हवाई टिकट गराउने दिने र कति लाग्ने	भिसा शुल्क गराउने दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र कति लाग्ने (नपालसपक्ष)	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले तिर्ने	बिमा स्टाम्पमा शुल्क गराउने तिर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पेट्रह मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एजेन्सीले आफूसंग गराइनुहोला । ६) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतालयमा सम्पर्क गर्नुहोला ।

Govt. License 083/053/054
Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -01 4982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

मलेसियामा रोजगार | कम्पनी : Expert Security Services Sdn Bhd | सेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ | LT. No.350785 | चलानी नं. ६०१६३५७८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.
1	Security Guards	100	0	1700	६१,९५०

ओभर टाईम सुविधा: श्रम अनुसार | प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा | हप्ताना काम गर्ने दिन: ६ दिन | वार्षिक बिदा: श्रम अनुसार | खाना सुविधा: छैन | बस्ने सुविधा: छ | करार अवधि: २ वर्ष

कम्पनी : Zafran Security Services Sdn Bhd | सेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८३/०८/०५ | LT. No.350786 | चलानी नं. ६०१६३५७९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रु.
1	Security Guards	100	0	1700	६१,९५०

ओभर टाईम सुविधा: श्रम अनुसार | प्रतिदिन काम गर्ने घण्टा: ८ घण्टा | हप्ताना काम गर्ने दिन: ६ दिन | वार्षिक बिदा: श्रम अनुसार | खाना सुविधा: छैन | बस्ने सुविधा: छ | करार अवधि: २ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १३ गते (29th Nov. 2026) मा हुनेछ ।

रहदानी भरिने ठि मेडिकल गर्न लगाउने कार्य	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानी भरिने बिमा गर्ने काम	रोजगारका बिमा हुने/नहुने र लाग्ने रकम	हवाई टिकट गराउने दिने र कति लाग्ने	भिसा शुल्क गराउने दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र कति लाग्ने (नपालसपक्ष)	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले तिर्ने	बिमा स्टाम्पमा शुल्क गराउने तिर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	९०,०००/-	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्रापत भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्रो पेट्रह मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोधी एजेन्सीले आफूसंग गराइनुहोला । ६) कामका विशेष जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतालयमा सम्पर्क गर्नुहोला ।

Rasuwa Overseas Pvt. Ltd.
Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama 9801300074 /
Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoverseas@gmail.com, Website : www.rasuwaoverseas.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

औपचारिकतामा सीमित नहोस् प्रधानमन्त्रीको भारत भ्रमण

प्रधानमन्त्री वालेन्द्र शाहको आजदेखि सुरु हुने भारत भ्रमण केवल औपचारिक कूटनीतिक भेटघाट र शिष्टाचारमामात्र सीमित हुनुहुँदैन । नेपाल–भारत सम्बन्धमा लामो समयदेखि थाती रहेका विषयहरूको समाधान खोज्ने, राष्ट्रिय हितका सवालमा स्पष्ट अडान राख्ने र पारस्परिक लाभका आधारमा द्विपक्षीय सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने यो एक महत्त्वपूर्ण कूटनीतिक अवसर हो यो भ्रमण ।

नेपाल र भारतबीचको सम्बन्ध ऐतिहासिक, भौगोलिक, सांस्कृतिक तथा आर्थिकरूपमा अत्यन्तै गहिरो र बहुआयामिक छ । खुला सिमाना, जनस्तरको प्रगाढ सम्बन्ध, व्यापार, पारवहन र सुरक्षाजस्ता साझा सरोकारसँगै दुई देशबीच सीमा विवादजस्ता संवेदनशील र गम्भीर मुद्दाहरू पनि विद्यमान छन् । यस्तो पृष्ठभूमिमा प्रधानमन्त्री शाहले उच्च आत्मविश्वासका साथ नेपालको राष्ट्रिय हित र स्वाभिमानलाई केन्द्रमा राखेर भारतीय नेतृत्वसँग स्पष्ट संवाद गर्न आवश्यक छ ।

विगतमा प्रधानमन्त्री शाहले नेपालको सीमा र राष्ट्रियताका विषयमा दिएका सार्वजनिक अभिव्यक्तिहरूका कारण पनि उनको यो भ्रमणलाई देशभित्र र बाहिर निकै चासोका साथ हेरिएको छ । हिजो सडक वा सार्वजनिक मञ्चबाट उठाएका सीमा र सार्वभौमिकतासम्बन्धी विषयहरूलाई आज कार्यकारी प्रमुखको हैसियतमा कूटनीतिक संवादमार्फत परिणाममुखी बनाउने गहन जिम्मेवारी उनको काँधमा आएको छ । कूटनीतिमा भावनात्मक अभिव्यक्तिमात्र पर्याप्त हुँदैनह तथ्य, ऐतिहासिक प्रमाण र परिपक्व कूटनीतिक पहलका आधारमा नेपालको न्यायोचित दाबी स्थापित गर्न सक्नुपर्छ ।


विशेषगरी नेपाल–भारत सीमा विवाद समाधानका लागि ठोस पहल अपरिहार्य छ । कालापानी, लिपुलेक र लिम्पियाधुरालगायतका भूभागका विषयमा नेपालको अडान स्पष्ट रहेकाले यी मुद्दालाई उच्चस्तरीय वार्ताको प्राथमिकतामा राख्नुपर्छ । त्यस्तै, नेपाल–भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) ले तयार पारेको साझा प्रतिवेदन बुझ्ने र त्यसका सुझाव कार्यान्वयन गर्ने विषयमा भारतीय पक्षलाई सहमत गराउन कूटनीतिक अग्रसरता लिनुपर्छ । लामो समयदेखि थन्किएको प्रतिवेदनलाई बेवास्ता गरेर द्विपक्षीय सम्बन्धमा विश्वासको वातावरण निर्माण हुन सक्दैन ।

यसैगरी, भूपरिवेष्टित राष्ट्र नेपालका लागि सहज, भरपर्दो र निर्बाध पारवहन सुविधा अर्को महत्त्वपूर्ण राष्ट्रिय सरोकार हो । व्यापार तथा आवागमनमा समय-समयमा देखिने अवरोध हटाउन र वैकल्पिक पारवहन मार्गको सुनिश्चितता गर्न भारतसँग स्पष्ट समझदारी गरिनुपर्छ । साथसाथै, भैरहवा र पोखराका अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालनका लागि महेन्द्रनगर र भैरहवाबाट अन्तर्राष्ट्रिय हवाई प्रवेशमार्ग उपलब्ध गराउने विषयमा ठोस सहमति जुटाउन सके यसले नेपालको पर्यटन, व्यापार र हवाई सम्पर्क विस्तारमा ठूलो योगदान पुऱ्याउने छ ।

नेपालको पररराष्ट्र नीति असंलग्नता र पञ्चशीलका सिद्धान्तमा आधारित छ, जुन कुनै एक छिमेकीतर्फ ढल्किने प्रकृतिको होइन । सबै मित्रराष्ट्रसँग समानता, पारस्परिक सम्मान र राष्ट्रिय हितका आधारमा सम्बन्ध राख्ने नीतिअनुसार भारतसँग सहकार्य गर्दा चीन वा अन्य छिमेकी राष्ट्रसँगको सम्बन्धमा कुनै नकारात्मक सन्देश जान नदिन प्रधानमन्त्री सचेत रहनुपर्छ ।

कूटनीति भनेको राष्ट्रिय हितको संरक्षण गर्दै पारस्परिक लाभ खोज्ने कला हो । त्यसैले कुनै पनि सम्झौता गर्दा नेपालको सार्वभौमिकता, स्वाधीनता, भौगोलिक अखण्डता र दीर्घकालीन हितमा आँच आउनुहुँदैन। हतारमा सस्तो लोकप्रियता कमाउने नाममा वा तत्कालीन आर्थिक लाभका लागि दूरगामी असर पर्ने असमान सम्झौता गर्ने गल्ती कदापि गर्नु हुँदैन । एउटै भ्रमणबाट वर्षौंदेखिका सबै विवाद तत्कालै समाधान हुन्छन् भन्ने अपेक्षा व्यावहारिक नहुन सक्छ तर विवादलाई औपचारिकरूपमा वार्तामा टेबुलमा राख्ने, निष्क्रिय रहेका द्विपक्षीय संयन्त्रलाई सक्रिय बनाउने र समयबद्ध समाधानको प्रक्रिया तय गर्ने पहल भने हुनैपर्छ । हवाई रुट, पारवहन र आर्थिक सहकार्यका क्षेत्रमा पनि आश्वासन र घोषणाभन्दा कार्यान्वयनयोग्य समझदारी नै आजको मुख्य आवश्यकता हो ।

प्रधानमन्त्रीको भारत भ्रमणका एजेण्डा



■ एकराज पाठक

> यस भ्रमणबाट नेपालले बाढीपहिरोबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणका लागि आर्थिक सहयोग, भैरहवा तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि थप हवाई रूट, जलविद्युत् विकास, ऊर्जा व्यापार, सडक तथा रेलमार्ग विस्तार र पेट्रोलियम पाइपलाइन निर्माणमा ठोस उपलब्धि हासिल गर्नसक्ने अपेक्षा गरिएको छ । यसका साथै नेपाल भारत सीमा विवाद, व्यापार घाटा तथा पारवहनका समस्यालाई नेपालको राष्ट्रिय हितअनुसार समाधान गर्न भारतसँग कूटनीतिक पहल गर्ने अवसर पनि यस भ्रमणले प्रदान गर्ने छ ।

नेपालका लागि भारतीय पूर्वराजदूत रणजीत रायले प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणले दुई देशका प्रधानमन्त्रीबीच सार्थक र प्रत्यक्ष भेटवार्ता गर्ने पहिलो अवसर प्रदान गर्ने धारणा राख्छन् । उनी भन्छन्, 'उक्त भेटवार्ताले पुनः सशक्त र गतिशील साझेदारीको परिकल्पना तय गर्न तथा त्यसलाई अघि बढाउने दिशा पनि निर्धारण गर्न मद्दत गर्ने छ ।' उनले हालैमात्र एक भारतीय मिडियामार्फत सो धारणा राखेका हुन् ।

यसैगरी, नेपालका लागि अर्का पूर्वभारतीय राजदूत नवीन श्रीवास्तव पनि यो भ्रमण निकै महत्त्वको रहने धारणा राख्छन् । 'यो भ्रमणले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री वालेन्द्र शाहबीच प्रत्यक्ष संवादको पहिलो अवसर जुटाउनुका साथै दुई देशबीचको सम्बन्ध सुदृढ पार्ने महत्त्वपूर्ण मौका प्रदान गर्ने छ,' उनको धारणा छ ।

राजदूत श्रीवास्तावले भारतीय मिडियामा आफ्ना धारणा राखेका छन्, 'शाह नेतृत्वको सरकारका लागि आर्थिक वृद्धि र रोजगारी सिर्जना चुनौती बनेका छन् भने गत अगस्टको बाढी पहिरोजस्ता प्राकृतिक विपद्ले थप जटिलता थपेका छन् । भारतले सुरुआतदेखि नै नयाँ सरकारसँग संवाद बढाएको छ । शाहको 'विकास कूटनीति' र भारतको 'छिमेकी पहिलो नीति' अनुरूप दुवै अर्थतन्त्रलाई जोड्ने नयाँ दृष्टिकोण आवश्यक छ ।'

नेपालमा १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यातको लक्ष्यअनुरूप हाल वर्षायाममा करिब एक हजार २०० मेगावाट बिजुली भारत निर्यात भइरहेको र अरुण तेस्रोलगायतका आयोजना निर्माणाधीन रहेका पनि उनले स्मरण गराउए । उनी नेपाली स्टार्टअपलाई भारतको 'स्टार्टअप इकोसिस्टम'सँग जोड्ने र नेपालमा आइआइटी क्याम्पस स्थापना गर्ने दिशामा सहकार्य विस्तार गर्नुपर्ने सुझाव दिन्छन् । उनीहरू दुवैको ठहर छ- प्रधानमन्त्री शाहको आसन्न भारत भ्रमण निकै महत्त्वपूर्ण हुने छ ।

प्रधानमन्त्री शाह आज भारतको राजकीय भ्रमणमा जाँदै छन् । प्रधानमन्त्रीमा नियुक्त भएपछिको यो पहिलो भारत भ्रमणको यतिखेर नेपाल र भारतमा नै चर्चा सुरु भएको छ र चर्चामा छन्, एजेण्डा । यो भ्रमण नेपालको कूटनीतिक, आर्थिक तथा रणनीतिक दृष्टिकोणले महत्त्वपूर्ण अवसर हो । नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक, व्यापारिक तथा भौगोलिक सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै छिमेकी देशका नाताले दुई देशबीच समय समयमा देखापर्ने कतिपय समस्या समाधानका लागि उच्च तहमा संवाद र समझदारी पनि निर्माण गर्ने अवसर प्राप्त हुने छ ।

यस भ्रमणबाट नेपालले बाढीपहिरोबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणका लागि आर्थिक सहयोग, भैरहवा तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि थप हवाई रुट, जलविद्युत् विकास, ऊर्जा व्यापार, सडक तथा रेलमार्ग विस्तार र पेट्रोलियम पाइपलाइन निर्माणमा ठोस उपलब्धि हासिल गर्नसक्ने अपेक्षा गरिएको छ । यसका साथै नेपाल भारत सीमा विवाद, व्यापार घाटा तथा पारवहनका समस्यालाई नेपालको राष्ट्रिय हितअनुसार समाधान गर्न भारतसँग कूटनीतिक पहल गर्ने अवसर पनि यस भ्रमणले प्रदान गर्ने छ ।

भारत नेपालको प्रमुख व्यापारिक तथा विकास साझेदार भएकाले यो भ्रमणलाई केवल औपचारिक भेटघाटमामात्र सीमित नराखी रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन, लगानी आकर्षण, पूर्वाधार विकास र आर्थिक समृद्धिको आधार बनाउन सकिने आधारहरू पनि पहिल्याउन भ्रमण फलदायी हुने अपेक्षा गर्न सकिन्छ ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरेर निजी क्षेत्रलेमात्र त्यहाँ ६० अर्बभन्दा बढीको लगानी गरिसकेको छ । होटलमामात्र ३० अर्ब रूपैयाँ लगानी थपिएको निजी क्षेत्रको तथ्यांक छ । विमानस्थलकै आशले सेवा तथा पर्यटन क्षेत्रका धेरै संरचना पनि बने । लुम्बिनी क्षेत्रमामात्र दैनिक २० हजार जनाको चहलपहल हुने आँकलन सो विमानस्थल बनाउने ताकाका विश्लेषण थिए । तर अहिले सोचेजस्तो विमानस्थल सञ्चालनमा आउन सकेन । यसले निराशामात्र थपिदिएको छ । यतिका धेरै लगानी डुब्ने त्रास बढ्दो छ । यहाँ विदेशी जहाज नउडेकाले भारतसँग रुट अनुमतिका लागि नागरिकको आग्रह छ ।

यसअघिका प्रधानमन्त्रीहरू भारत जाँदा पनि प्राथमिक एजेण्डामा यो पनि थियो । लुम्बिनी क्षेत्रमा लगानी गरेको निजी क्षेत्रमात्र होइन कि काठमाडौंबाहेकको अर्को अन्तर्राष्ट्रिय विमानस्थलको पर्खाइमा बसेका आमनेपाली नागरिकको चासो यो विमानस्थलमा छ । त्यसैले धेरैले हवाई रुट प्राप्त गर्ने विषयमा नेपाली पक्षले प्राथमिकताका साथ प्रस्ताव गर्नुपर्ने सुझाएका छन् । उता पोखरा विमानस्थललाई पनि पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन नसकिएकाले यो एजेण्डा हाम्रो पहिलो प्राथमिकतामा रहनुपर्दछ ।

भ्रमणका क्रममा दुई देशबीच 'कनेक्टिभिटी' विस्तार, विकास सहायता, पर्यटन प्रवर्द्धन तथा जनस्तरको सम्बन्ध थप सुदृढ बनाउनेलगायत विषयमा छलफल हुने त छँदै छ । थप हवाई रुटका अतिरिक्त हवाई कनेक्टिभिटी विस्तार, रेलवे तथा सडक सञ्जाल विस्तार र ऊर्जा क्षेत्रको पूर्वाधार विकास पनि नेपालका लागि महत्त्वपूर्ण एजेण्डा हुन् । रेलवे कनेक्टिभिटीअन्तर्गत जनकपुर-अयोध्या रेलवेको शुभारम्भ, जयनगर-जनकपुर रेलसेवालाई बर्दिवाससम्म विस्तार, रक्सौल-काठमाडौं रेलमार्गको सम्भावना तथा अन्य रेलवे सम्पर्क विस्तारका विषयमा यो भ्रमणमा सहमतिको अपेक्षा छ ।

नेपाल र भारत सदियौं पुराना मित्र हुन् । त्यसैले यो भ्रमणले कुनै लेनदेन, व्यापार या सम्झौताभन्दा माथि उठेर छिमेकीपन र खुला सीमासहितको खुला सम्बन्ध विस्तारलाई महत्त्व दिनु अर्को आवश्यकता हो । यसैबाट सम्बन्धको मापन गर्नुपर्दछ र द्विपक्षीय हितलाई अग्रसूचीमा राख्नुपर्दछ । यस आधारमा सम्बन्धको बहुआयामिकताको मापन गर्नु दुवैतर्फको हितमा हुन्छ । खुला सिमाना हुनुको धेरैमध्येको एउटा अर्थ हाम्रा द्विपक्षीय सम्बन्धका आयाम र आयतन पनि खुलापनमै आधारित हुनुपर्छ भन्ने हो । खुला सिमानासँगै हृदय पनि खुला नै हुनुपर्छ भन्ने हो । खुला हृदयबाट नै एकले अर्काका अपठ्यारा बुझ्न र मापन गर्न पनि सकिन्छ, सक्नुपर्छ । ती समस्याको उच्चतम बुझाइ र समझदारी निर्माणको काम गर्ने एउटा अवसर दुवै देशका तर्फबाट हुने उच्चस्तरीय भ्रमण पनि हो । त्यस्तो समझदारी र आपसी हितको कामना यसपटक र हरेकपटक हुने यस्ता उच्चस्तरीय भ्रमणका बखत गरिएको हुन्छ ।

यी उच्चस्तरीय भ्रमणलाई आपसी अपठ्याराहरूको गाँठो फुकाएर समझदारीको निर्माण गर्नमा केन्द्रित गर्नुपर्दछ । यसका लागि हामीले पनि दुई ठूला छिमेकका समृद्धिबाट लाभ लिनसक्ने कूटनीतिक कौशलताका साथ यो सम्बन्ध अघि बढ्नुपर्छ । हाम्रा आवश्यकता छिमेकीलाई सुनाउने अथवा मुलुकको राष्ट्रिय हितलाई उनीहरूसँग राख्ने शैलीले कूटनीतिक क्षमतामात्र प्रदर्शन गर्दैन, उनीहरूमा छिमेकपनको दायित्वबोध पनि गराउन सक्दछ । हामीले अब आर्थिक रूपमा समृद्ध दुई ठूला छिमेकीबाट लाभ लिनसक्ने कूटनीतिक क्षमतायुक्त देशको नीति अख्तियार गर्नुपर्छ ।

आपसी विश्वासको वातावरण निर्माण गर्ने काममा हाम्रो कूटनीतिक कौशल केन्द्रित हुनुपर्दछ । उच्चस्तरीय भ्रमणको समय आयो कि अनगिन्ती एजेण्डा थुपारेर बोझ बनाउने र नेपालले के पाउँछ भन्नेमात्र सोच पनि राख्नु हुँदैन । छिमेकी र सदियौं पुरानो सम्बन्धका कारण हाम्रा एजेण्डा त कयौं हुन्छन् तर त्यसभित्र अहिलेको हाम्रो प्राथमिकतालाई माथि राख्नुपर्दछ । हिजो हाम्रो आवश्यकता भारतसँग बिजुली व्यापार थियो भने आज हवाई रुट अत्यावश्यक बनेको छ । हालका लागि यसैलाई सहजीकरण गर्न आपसी समझदारी निर्माण गर्ने अवसरका रूपमा भ्रमणलाई लिनुपर्दछ । हाम्रा हिजोका प्रतिबद्धता र तिनको कार्यान्वयन एवं छिमेकका नाताले अनेक सम्बन्ध र बन्द व्यापारका खाँचोहरू त भई नै रहन्छन् ।

नेपालको परिस्थिति र परिवेश फेरिएको छ र धेरै क्षेत्रमा परिवर्तन पनि देखिँदै छ । त्यसैले प्रधानमन्त्रीको यो भ्रमण पनि नयाँ र खास महत्त्वको हुनु जरुरी छ । यस हिसाबले पनि यो उच्चस्तरीय भ्रमण दुई प्रधानमन्त्रीबीचको भेटवार्तामामात्र सीमित हुने छैन भन्ने आमनेपालीको अपेक्षा छ । जेन-जी आन्दोलनपछिको नयाँ राजनीतिक परिस्थितिमा बनेको सरकारको विदेश नीतिको दिशा, नेपालको राष्ट्रिय स्वार्थप्रतिको प्रतिबद्धता र भारतसँगको सम्बन्धलाई नयाँ आधार र आयाममा परिभाषित गर्ने अवसर यो भ्रमणसँग सुरक्षित छ । त्यसैले सोहीबमोजिमको तयारी र प्रस्तुति हुनु आवश्यक छ । यसका लागि हाम्रो कूटनीतिक क्षमता र अग्रसरता बढी महत्त्वपूर्ण हुने छन् । *रासस*

श्रम सरोकार

साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिह्रा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्तावन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अवशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

पाठक मञ्च

निर्वाचनको मिति विवादको विषय नबनोस्

आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनको समयतालिकाका विषयमा निर्वाचन आयोग र राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका शीर्ष नेताहरूबीच सुरु भएको परामर्शले मुलुकको राजनीतिक वृत्तमा नयाँ बहस सिर्जना गरेको छ । समाचारमा उल्लेख भएअनुसार निर्वाचन आयोगले आगामी वैशाखमा स्थानीय तह र मंसिरमा प्रदेशसभाको निर्वाचन गर्ने प्रस्ताव अघि सारेको छ । तर, यस विषयमा प्रमुख दलहरूबीच फरक-फरक दृष्टिकोण सार्वजनिक भइरहँदा संवैधानिक व्यवस्था, आर्थिक मितव्ययिता र राजनीतिक सहमतिको सन्तुलन कसरी मिलाउने भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ ।

समाचारमा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता जगदीश खरेलले एउटा निर्वाचनमा करिब २० अर्ब रूपैयाँ खर्च हुने उल्लेख गर्दै राज्यको व्ययभार घटाउन र विकास निर्माणमा स्रोत परिचालन गर्न स्थानीय र प्रदेशको निर्वाचन एकैसाथ गर्नुपर्ने धारणा राखेका छन् । आर्थिक मितव्ययिता र प्रशासनिक सहजताको दृष्टिकोणबाट यो तर्क विचारणीय देखिन्छ ।

अर्कोतर्फ, प्रमुख दलहरूले संवैधानिक व्यवस्था र जनप्रतिनिधिको कार्यकाललाई मुख्य आधार बनाएका छन् । समाचारअनुसार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जनप्रतिनिधिहरूले पाँच वर्षे कार्यकाल पूरा गर्न पाउनुपर्ने भन्दै आयोगकै प्रस्तावबमोजिम वैशाखको अन्तिममा स्थानीय र मंसिरमा प्रदेश निर्वाचन गर्नुपर्ने मत राखेका छन् । त्यसैगरी, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले पनि संविधानले तोकेको पाँच वर्षे कार्यकालअनुसार वैशाखभित्र स्थानीय र मंसिरमा प्रदेश निर्वाचन गर्ने समयतालिका उपयुक्त देखिएको बताउँदै विगतमा एकैसाथ निर्वाचन भएका उदाहरण रहेकाले अन्तरदलबीच थप छलफल गरी टुंगोमा पुग्नुपर्ने सुझाव दिएका छन् । नेपाली कांग्रेसका सभापति गगन थापाले निर्वाचन कहिले र कसरी गर्ने भन्ने विषय संविधानमै स्पष्ट रहेको उल्लेख गर्दै सरकारले एक्लै निर्णय नगरी दलहरूसँगको छलफल र सहमतिमा विषय टुंग्याउनुपर्ने बताएका छन् ।

यस सन्दर्भमा निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रस्तुत गरेको संवैधानिक र प्राविधिक पक्ष पनि उत्तिकै मननयोग्य छ । प्रवक्ता भट्टराईका अनुसार संविधान र कानुनको मर्मअनुसार सम्बन्धित तहका जनप्रतिनिधिको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगावै निर्वाचन हुनुपर्ने व्यवस्था छ, र स्थानीय तह तथा प्रदेशसभाको कार्यकाल २०८४ मा सकिँदै छ । गत वर्ष फागुन २३ गते विशेष परिस्थितिमा भएको निर्वाचनका कारण समयतालिकामा केही फरक पर्न गएको तथ्यलाई पनि ध्यानमा राखेर संवैधानिक जटिलता नआउनेगरी निकास खोज्नु आवश्यक छ ।

निर्वाचन लोकतन्त्रको प्राण हो । आवधिक निर्वाचन समयमै र निष्पक्ष रूपमा सम्पन्न हुनु जति आवश्यक छ, त्यति नै निर्वाचन प्रक्रियालाई कम खर्चिलो, पारदर्शी र त्रुटिरहित बनाउनु पनि जरुरी छ । निर्वाचन आयोगले मतदाता नामावलीलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी दोहोरोपना हटाउने प्रयास थाल्नु सकारात्मक कदम हो । साथै, प्रवक्ता भट्टराईले औल्याएझैं देशको कूल जनसंख्यामा महिलाको संख्या बढी हुँदाहुँदै पनि मतदाता नामावलीमा पुरुष मतदाताको संख्या बढी देखिनु चिन्ताको विषय हो । निर्वाचनको मितिबारे बहस गरिरहँदा छुटेका योग्य नागरिक, विशेषगरी महिला मतदाताको नाम नामावलीमा समेट्नेतर्फ आयोग र राजनीतिक दलहरूको विशेष ध्यान जानुपर्छ ।

अन्त्यमा, निर्वाचनको मितिजस्तो संवेदनशील विषय कुनै एक दलको स्वार्थ वा बहुमतको बलमा भन्दा पनि संविधानको परिधिभित्र रहेर राष्ट्रिय सहमतिका आधारमा तय गरिनुपर्छ । दलहरूले आ-आफ्नो आन्तरिक छलफल टुंग्याएर छिटोभन्दा छिटो निर्वाचन आयोग र सरकारलाई स्पष्ट सुझाव दिनु आवश्यक छ, ताकि समयमै निर्वाचनको वातावरण बनोस् र लोकतान्त्रिक अभ्यास थप सुदृढ हुन सकोस् ।

- **कृतिका थापा**
सामाखुसी, काठमाडौं



कफीका दाना केलाउँदै महिला | गुल्मीको सत्यवती गाउँपालिका–६, जेहाङ खैरेनीस्थित कफी प्रशोधन केन्द्रमा कफीका दाना केलाउँदै स्थानीय महिला । तस्बिरः रासस

मधेस प्रदेशको मुख्यमन्त्रीमा सरोजकुमार यादव नियुक्त

■ प्रभाव संवाददाता



धनुषा– मधेस प्रदेशको मुख्यमन्त्रीमा जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता सरोजकुमार यादव नियुक्त भएका छन् । प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम शनिबार यादवलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

प्रदेश प्रमुखको कार्यालयले शनिबार जारी गरेको विज्ञप्तिअनुसार संविधानको धारा १६८ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न शुक्रबार दिउँसो ४ बजेसम्मको समय दिइएको थियो ।

तर, निर्धारित समयभित्र कुनै पनि दल वा प्रदेशसभा सदस्यले मुख्यमन्त्री पदका लागि दाबी पेस नगरेपछि संविधानको धारा १६८ को उपधारा (३) अनुसार प्रदेशसभामा सबैभन्दा ठूलो दलको संसदीय दलका नेताको हैसियतमा यादवलाई मुख्यमन्त्री नियुक्त गरिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । यससँगै मधेस प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको छ । नवनियुक्त मुख्यमन्त्री यादवले अब प्रदेशसभाबाट संविधानले तोकेको समयभित्र विश्वासको मत लिनुपर्ने छ ।

पर्यटन प्रवर्द्धनका लागि दुईदिने साइकलयात्रा



पाल्पा– मेचीदेखि महाकालीसम्मका करिब २०० जना साइकलयात्री यहाँका पर्यटकीय गन्तव्यको प्रवर्द्धन र प्रचारप्रसार गर्ने उद्देश्यले तानसेनबाट पूर्वी पाल्पासम्मको साइकल यात्रामा निस्केका छन् । शनिबार बिहान तानसेनबाट निस्केका उनीहरूले पूर्वखोला, निस्दीका पर्यटकीयस्थल हुँदै रामपुरमा पुगेर दुई दिनको यात्रा समापन गर्ने छन् ।

पाल्पाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको प्रचारप्रसार गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पाल्पा साइकलिङ संघले दुईदिने 'हेरिटेज राइड (सम्पदा यात्रा) २०८३' आयोजना गरेको हो । साइकल यात्रामा विश्व साइकलयात्री तथा सगरमाथा आरोही पुष्कर शाहसँगै काठमाडौं, पोखरा, कपिलवस्तु रूपन्देही, नवलपरासी, नेपालगञ्जलगायत विदेशबाट आएका साइकलयात्रीसमेत सहभागी छन् ।

संघका अध्यक्ष रूपेश महर्जनले धार्मिक तथा पर्यटकीय क्षेत्रलाई जोडेर साइकलयात्रा थालिएको बताए । उनले भने, 'पर्याप्त प्रचारप्रसारको अभावमा ओझेलमा परेका सम्पदालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने प्रयास गरिएको हो ।'

दुई जना विदेशीसहित जिल्ला बाहिरका १५० र जिल्लाभित्रका ५० जना साइकलयात्रीले सहभागिता जनाएका अध्यक्ष महर्जनले जानकारी दिए । शनिबार बिहान ७ बजे तानसेन दरबारबाट यात्रा सुरु भएको थियो । यात्रामा सहभागी साइकलयात्रीलाई पाल्पा दरबार परिसरमा टीका लगाएर बिदाइ गरिएको थियो ।

साइकल यात्राको पाल्पा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य सन्दीप रानाले झण्डा उठाएर शुभारम्भ गरेका थिए । पर्यटन प्रवर्द्धनमा साइकलयात्राको महत्त्वपूर्ण भूमिका रहने उनले बताए । 'पाल्पामा पर्यटकीय सम्भावना बोकेका थुप्रै स्थलहरू छन् । तिनिहरूको प्रचारप्रसार गर्ने र आवश्यक पूर्वाधार निर्माणमा सरकारले समन्वय गरिरहेको छ,' उनले भने, 'साइकल यात्राले यहाँको पर्यटन विकासमा टेवा पुग्ने विश्वास लिएका छौं ।' पर्यटकीय स्थलहरूलाई जोडेर पाल्पामा व्यावसायिक साइकल यात्राको सम्भावना रहेकोसमेत उनले बताए ।

पहिलो दिन शनिबार तानसेनको नारायण टोल, असन टोल, तानसेन दरबार र भगवती मन्दिर हुँदै आर्यभञ्ज्याङ, चिदिपानी, हुमिन तथा पूर्वखोला गाउँपालिकाका पर्यटकीय क्षेत्रको अवलोकन गर्दै साइकलयात्री निस्दी गाउँपालिकास्थित अमरिसो बगान काउलेडाँडा पुग्ने छन् । दोस्रो दिन आइतबार बिहान काउलेडाँडाको पर्यटकीय क्षेत्र अवलोकन गरेपछि कीर्तिपुर हुँदै रामपुर नगरपालिकासम्म यात्रा गरिने संघका सदस्य शान्तम थैवले जानकारी दिए ।

साइकलयात्रामा ११ महिला र १८९ पुरुष गरी २०० जनाले सहभागिता जनाएका संघका महासचिव विज्ञान बज्राचार्यले जानकारी दिए । उनका अनुसार सहभागी साइकलयात्रीको उमेर १६ देखि ६१ वर्षसम्म छ । कार्यक्रम सञ्चालनका लागि करिब १५ लाख रूपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।

सम्पदा यात्राको पहिलो संस्करण २०७९ मा तानसेन र पश्चिम पाल्पाका सम्पदालाई समेटेर आयोजना गरिएको थियो । दोस्रो संस्करण २०८२ मा 'सम्पदा यात्रा' मूल नारासहित तानसेन दरबारदेखि रानीमहल दरबारसम्म प्रतिस्पर्धात्मक साइकलयात्रा सञ्चालन गरिएको थियो । यसपटक तेस्रो संस्करणमा तानसेनदेखि पूर्वी पाल्पाका पर्यटकीय तथा ऐतिहासिक गन्तव्यलाई प्राथमिकतामा राखिएको आयोजकले जनाएको छ । *रासस*

उपल्लो मुस्ताङका ३६५ विद्यार्थी जाडो छल्न बेसी झारिए

मुस्ताङ– उपल्लो मुस्ताङका दुई गाउँपालिकाका विद्यालयले हिमपात र अत्यधिक चिसोबाट विद्यार्थीलाई जोगाउन हिउँदयामका लागि घुम्ती कक्षा सञ्चालन गर्न विद्यार्थीलाई बेसी झारेका छन् ।

लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका सामुदायिक, संस्थागत तथा गुम्बा विद्यालयले गाउँपालिकाको समन्वयमा मंसिर १ गतेदेखि बेसीका विभिन्न स्थानमा घुम्ती कक्षा सञ्चालन गरेका हुन् । उपल्लो मुस्ताङमा हरेक वर्ष हिउँदयाममा अत्यधिक चिसो र हिमपात हुने भएकाले विद्यालयलाई अस्थायीरूपमा बेसी सार्ने गरिएको छ ।

लोमान्थाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलराम गिरीका अनुसार हिउँदयाममा अत्यधिक चिसो र हिमपातका कारण विद्यार्थीको स्वास्थ्य तथा पठनपाठनमा असर पर्ने भएकाले विद्यालयलाई बेसी सारिएको हो । चालु शैक्षिक सत्रको अन्त्यपछि गर्मीयाम सुरु हुँदा विद्यालय पुनः साविककै स्थानमा फर्कने छन् ।

लोमान्थाङ गाउँपालिकाका लेखा अधिकृत उज्ज्वल चापागाईंका अनुसार गाउँपालिकाका तीन सामुदायिक र चार संस्थागत विद्यालय बेसी झरेका छन् । सामुदायिकतर्फ दिव्यदीप माध्यमिक विद्यालय, छोनुप झिञ्जु आधारभूत विद्यालय र राष्ट्रिय आधारभूत विद्यालयले घुम्ती कक्षा सञ्चालन गरेका छन् ।

त्यस्तै, मञ्जुश्री, निफुक नाम्डोल, पाल एण्ड नाम्याल र महाकरुणा धार्मिक गुम्बा विद्यालय पनि बेसी झरेका छन् । दिव्यदीप माध्यमिक विद्यालयले पोखराको विजयपुर, छोनुप झिञ्जु आधारभूत विद्यालयले हेमजा र राष्ट्रिय आधारभूत विद्यालयले तालबेसी किमबेसीमा घुम्ती कक्षा सञ्चालन गरेका छन् । दिव्यदीप र छोनुप झिञ्जु विद्यालयले आफ्नै भवनमा तथा राष्ट्रिय आधारभूत विद्यालयले भाडाको भवनमा कक्षा सञ्चालन गरेको गाउँपालिकाले जनाएको छ ।

> लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका सामुदायिक, संस्थागत तथा गुम्बा विद्यालयले गाउँपालिकाको समन्वयमा मंसिर १ गतेदेखि बेसीका विभिन्न स्थानमा घुम्ती कक्षा सञ्चालन गरेका हुन् । उपल्लो मुस्ताङमा हरेक वर्ष हिउँदयाममा अत्यधिक चिसो र हिमपात हुने भएकाले विद्यालयलाई अस्थायीरूपमा बेसी सार्ने गरिएको छ ।

लोमान्थाङका सामुदायिक विद्यालयलाई घुम्ती कक्षा सञ्चालन गर्न संघीय सरकारबाट सशर्त अनुदानस्वरूप प्रतिविद्यालय तीन लाख ५० हजार विनियोजन गरिएको छ ।

यसैगरी, लोघेकर दामोदरकुण्ड गाउँपालिकाका तीन सामुदायिक र दुई धार्मिक गुम्बा विद्यालय पनि घुम्ती कक्षा सञ्चालन गर्न बेसी झरेका छन् । गाउँपालिकाका शिक्षा अधिकृत भीम नेपालीका अनुसार चराङ आधार भूत, घमी आधारभूत र जनज्योति माध्यमिक विद्यालयका १८८ विद्यार्थीलाई बेसी सारिएको छ । चराङ छोदे गुम्बा र आनी गुम्बा विद्यालयले पनि घुम्ती कक्षा सञ्चालन गरेका छन् ।

लोघेकरका चराङ आधारभूत विद्यालयले पोखराको हेमजा, घमी आधारभूत विद्यालयले विजयपुर र जनज्योति माध्यमिक विद्यालयले तनहुँको दुलेगौडामा भाडाका भवनमा कक्षा सञ्चालन गरेका छन् । घुम्ती कक्षा सञ्चालनका लागि गाउँपालिकाले सामुदायिक विद्यालयलाई २६ लाख बजेट विनियोजन गरेको शिक्षा अधिकृत नेपालीले जानकारी दिए । दुवै गाउँपालिकाबाट सामुदायिक विद्यालयका ३६५ विद्यार्थीलाई जाडो छल्न बेसी झारिएको छ । तीमध्ये लोमान्थाङका १७७ र लोघेकर दामोदरकुण्डका १८८ विद्यार्थी छन् ।

घुम्ती विद्यालय सञ्चालनले अभिभावकलाई पनि सहज भएको छ । विद्यालयमै विद्यार्थीको रेखदेख र पठनपाठन हुने भएकाले अभिभावकलाई बेसीमा आएर व्यापार व्यवसाय गर्न तथा अन्य काममा संलग्न हुन सजिलो भएको छ । हिउँदयाममा उपल्लो मुस्ताङका अधिकांश बासिन्दा जाडो छल्न बेसी झर्ने गर्छन् । उनीहरू विद्यार्थीहरूसँगै गर्मीयाम सुरु भएपछि वैशाखमा पुनः गाउँ फर्कने गरेका छन् । *रासस*

विवाहपञ्चमी महोत्सवको तयारी तीव्र

जनकपुर– आगामी मंसिर २३ गतेदेखि जनकपुरधाममा सुरु हुने साताव्यापी श्रीराम जानकी विवाहपञ्चमी महामहोत्सवको व्यवस्थापनका लागि विभिन्न समिति गठन गरिएको छ ।

महोत्सवलाई भव्य, व्यवस्थित र सुरक्षित बनाउन जानकी मन्दिरले शान्ति सुरक्षा, प्रचारप्रसार, बजार व्यवस्थापन, रंगभूमि मैदान तथा प्रवेशद्वार व्यवस्थापन, पण्डाल निर्माण, ट्राफिक, खानेपानी र विद्युत् व्यवस्थापनलगायतका विषयमा छुट्टाछुट्टै समिति गठन गरेको हो ।

महोत्सवको तयारीबारे बिहीबार मन्दिर परिसरमा आयोजित सर्वपक्षीय बैठकले समिति गठन गरी जिम्मेवारी बाँडफाँट गर्ने निर्णय गरेको छ । यस वर्षको महोत्सवलाई विगतका वर्षभन्दा थप व्यवस्थित र भव्य बनाउने उद्देश्यले बैठक आयोजना गरिएको हो ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवको अगुवाइ तथा उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवको संयोजनमा सम्पन्न बैठकमा उत्तराधिकारी महन्थ दासले महोत्सव सफल बनाउन आवश्यक तयारी अघि बढाइएको बताए । उनले महोत्सवलाई व्यवस्थित बनाउन स्थानीय प्रशासन, सुरक्षा निकाय, स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक रहेको बताए ।

विवाहपञ्चमी महोत्सवमा सहभागी हुन नेपालका विभिन्न जिल्ला तथा भारतको अयोध्यासहितका स्थानबाट हजारौं साधुसन्त र श्रद्धालु जनकपुरधाम आउने भएकाले उनीहरूको स्वागत, आवास, सुरक्षा र आवागमनलाई सहज बनाउने विषयलाई बैठकले प्राथमिकता दिएको छ । बैठकमा धार्मिक संघसंस्था, नागरिक समाज, जनप्रतिनिधि, सुरक्षा निकाय, सञ्चार क्षेत्र तथा विभिन्न सरकारी कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो । *रासस*

शान्ति सम्झौताका दुई दशक बित्दा पनि पीडित परिवार न्यायको प्रतीक्षामा

कास्की– बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भएको दुई दशक पुग्न लाग्दा पनि सशस्त्र द्वन्द्वका क्रममा सहिद भएका तथा बेपत्ता पारिएका व्यक्तिका परिवारले न्याय, राहत र सम्मान पाउन नसकेको गुनासो गरेका छन् ।

आफन्तको बलिदानबाट मुलुकमा राजनीतिक परिवर्तन आए पनि आफूहरूको पीडा र अवस्था जस्ताको तस्तै रहेको भन्दै उनीहरूले शान्ति प्रक्रियाका बाँकी काम तत्काल पूरा गरी न्यायको प्रत्याभूति गराउन माग गरेका छन् ।

शान्ति सम्झौताको दिन पारेर जनक्रान्तिका महान् सहिद परिवार समाज कास्की र राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज कास्कीले शनिबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गण्डकी प्रदेश कार्यालय पुगेर पार्टीका प्रदेश महामन्त्री कृष्णप्रसाद लम्साललाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

२०६३ मंसिर ५ गते तत्कालीन सरकार र विद्रोही नेकपा माओवादीबीच बृहत् शान्ति सम्झौता भएको थियो । सम्झौतापछि मुलुकमा गणतन्त्र स्थापना, नयाँ संविधान निर्माण र संघीयतासहितका राजनीतिक उपलब्धि हासिल भए पनि द्वन्द्वपीडित परिवारले भने न्यायको अनुभूति गर्न नसकेको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

उनीहरूले विगतका सरकारसँग भएका सहमति, सम्झौता र प्रतिबद्धताअनुसार शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न माग गरेका छन् । विगतका सरकारले संक्रमणकालीन न्यायलाई प्राथमिकता नदिएको र वर्तमान सरकारले पनि पीडितका माग सम्बोधनमा बेवास्ता गरेको उनीहरूको आरोप छ ।

जनक्रान्तिका महान् सहिद परिवार समाज कास्कीका अध्यक्ष एवं संविधानसभा सदस्य दुर्गा विकले शान्ति सम्झौताको दिनको सन्दर्भ पारेर रास्वपालाई ध्यानाकर्षणपत्र बुझाइएको बताए । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसद्बाट पारित भए पनि कार्यान्वयन नहुँदा पीडितले न्याय पाउन नसकेको उनको भनाइ छ ।

सत्य निरूपण तथा मेलमिलाप आयोग पदाधिकारीविहीन रहेकाले सरकारले आयोगलाई पूर्णता दिई संक्रमणकालीन न्यायसम्बन्धी विधेयक कार्यान्वयन गर्नुपर्ने र पीडित परिवारलाई शीघ्र न्याय दिनुपर्ने उनले बताए । राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज कास्कीका अध्यक्ष अणनाथ बरालले द्वन्द्वका क्रममा बेपत्ता पारिएका आफन्तको अवस्था सार्वजनिक हुन नसक्दा परिवारले लामो समयदेखि पीडा भोग्नुपरेको बताए । बेपत्ता पारिएका आफन्त जीवित भए अवस्था सार्वजनिक गर्न र मृत्यु भएको भए शव उपलब्ध गराउन उनले सरकारसँग माग गरे ।

सहिद परिवारका सदस्य सुदीप खनालले विगत र वर्तमान कुनै पनि सरकारले आफूहरूलाई न्याय दिन नसकेको बताउँदै द्वन्द्वकालीन घटनामा संलग्नलाई कानुनअनुसार कारबाही गर्नुपर्ने माग गरे । रास्वपा गण्डकी प्रदेशका महामन्त्री लम्सालले सहिद तथा बेपत्ता परिवारले उठाएका माग जायज रहेको बताए । शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न तथा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक कार्यान्वयनका लागि पार्टीका तर्फबाट पहल गर्ने उनले प्रतिबद्धता जनाए ।

ध्यानाकर्षणपत्रमा द्वन्द्वकालीन घटनाको निष्पक्ष, स्वतन्त्र र प्रमाणमा आधारित अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्न, बेपत्ता पारिएका व्यक्तिको अवस्था पत्ता लगाउन तथा घटनामा संलग्न व्यक्ति वा निकायको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न माग गरिएको छ ।

त्यसैगरी, सहिद परिवारलाई राष्ट्रिय सम्मान, द्वन्द्वपीडित परिवारलाई आवश्यक सहयोग तथा द्वन्द्वमा घाइते भएका व्यक्ति र जेल तथा हिरासतमा यातना भोगेकाहरूलाई निःशुल्क उपचारको व्यवस्था गर्न उनीहरूले आग्रह गरेका छन् । पीडित परिवार र उनीहरूका सन्तानलाई निःशुल्क शिक्षा, स्वास्थ्य उपचार, रोजगारी तथा भरणपोषणको व्यवस्था गर्नुपर्ने माग समेत गरिएको छ । *रासस*

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी

प्रति तोला -	प्रति तोला -	प्रति तोला -
२,४५,४००	०	३,११०



धान स्याहार्दै | दाङको घोराही उपमहानगरपालिका-७का किसान श्रेसरको सहायताले धान झार्दै । आधुनिक कृषियन्त्रको प्रयोगले किसानलाई बाली लगाउन तथा भित्र्याउन सहज भएको छ । *तस्बिर: सुशीला ओली/रासस*

कृषि उद्यम प्रवर्द्धनमा कृषि विकास कार्यालय

■ प्रभाव संवाददाता

दमौली– तनहुँमा उत्पादित कृषिउपजलाई प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरणमार्फत व्यावसायिक बनाउने उद्देश्यले सञ्चालन गरिएको कृषि उद्यम विकास कार्यक्रमबाट कृषक तथा कृषि उद्यमी लाभान्वित भएका छन् ।

जिल्लास्थित कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीका अनुसार कार्यक्रमका लागि रु १३ लाख बजेट विनियोजन भएकामा रु नौ लाख ८१ हजार खर्च भएको छ । कार्यक्रमअन्तर्गत जिल्लाका ११ वटा कृषि फार्म, कृषक समूह तथा कृषि सहकारीलाई कृषि उत्पादनपश्चात् उपजको लेवलिङ, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरणका लागि अनुदान सहयोग गरिएको छ ।

कृषिउपजलाई परम्परागत रूपमा बिक्री गर्ने अभ्यासमा सुधार ल्याउँदै उत्पादनदेखि बजारसम्मको मूल्य शृंखला व्यवस्थित गर्ने प्रयास गरिएको अधिकारीले बताए । किसानले उत्पादन गरेको कृषिउपजलाई आकर्षक तथा सुरक्षित रूपमा प्याकेजिङ गरी आफ्नै पहिचानसहित बजारमा लैजान सहयोग पुगेको उनको भनाइ छ ।

कृषि उद्यम तथा कृषकलाई आवश्यकपर्ने विभिन्न कृषि प्रशोधन तथा प्याकेजिङ उपकरणसमेत सहयोग गरिएको छ । जसअनुसार चार वटा डिजिटल तराजु, एउटा रोष्टिङ उपकरण, नौ वटा सिलर उपकरण, तीन वटा डिस्क मिल, एउटा तोरी पोल्ने मिल, दुई वटा स्लाइसर उपकरण र चार वटा कम्बाइन मिल प्रदान गरिएको उनले जानकारी दिए ।

त्यस्तै, एउटा बोक्रा तास्ने उपकरण, एउटा कनिका झार्ने उपकरण, एउटा ब्याज लेबलिङ उपकरण र एउटा सुकाउने उपकरणसमेत सहयोग गरिएको कृषि विकास कार्यालयले जनाएको छ । यी उपकरणको प्रयोगबाट स्थानीयस्तरमा उत्पादित कृषिउपजको प्रशोधन, ग्रेडिङ, प्याकेजिङ तथा लेबलिङ गर्न सहज भएको छ । यसले कृषिउपजलाई कच्चा पदार्थका रूपमा मात्र बिक्री गर्नुपर्ने अवस्थाबाट मूल्य अभिवृद्धि गरी बजारमा लैजाने वातावरण निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

कार्यक्रमअन्तर्गत विशेषगरी मकै, अदुवा, बेसार, महलगायत कृषिउपजको लेबलिङ, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरण गरिएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिए । उनका अनुसार कार्यक्रमबाट जिल्लामा ११ वटा कृषिमा आधारित कृषि उद्यम स्थापना भएका छन् । उत्पादनलाई व्यवसायसँग जोड्दै स्थानीय स्रोतसाधन र कृषिउपजमा आधारित उद्यम सञ्चालन गर्ने वातावरण निर्माण भएको उनको भनाइ छ ।

कृषिउपजको उत्पादन बढाउनुका साथै त्यसको प्रशोधन र बजारीकरणमा ध्यान दिनसके किसानले उत्पादनको उचित मूल्य प्राप्त गर्नसक्ने भएकाले कार्यक्रमले कृषि उद्यमशीलतालाई प्राथमिकता दिएको हो । स्थानीयस्तरमा उत्पादन हुने मकै, अदुवा, बेसार, महलगायत उपजलाई प्रशोधन तथा प्याकेजिङ गरी बजारमा पठाउँदा उत्पादनको मूल्य अभिवृद्धि हुनुका साथै उपभोक्तासम्म गुणस्तरीय उत्पादन पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कार्यक्रमबाट १०८ जना कृषक तथा कृषि उद्यमी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । तीमध्ये ६८ जना महिला रहेका कार्यालय प्रमुख अधिकारीले बताए । महिलाको सहभागिता उल्लेख्य रहेकाले कार्यक्रमले कृषि उत्पादनसँगै महिलालाई उद्यमशीलतामा जोड्नसमेत सहयोग पुगेको कार्यालयले जनाएको छ ।

‘प्रधानमन्त्रीको भ्रमण ऊर्जा व्यापार र पूर्वाधार विकासमा केन्द्रित हुनुपर्छ’

■ प्रभाव संवाददाता

काठमाडौं– स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का निवर्तमान अध्यक्ष गणेश कार्कीले प्रधानमन्त्री बालेन शाहको आसन्न भारत भ्रमणलाई ऊर्जा व्यापार, पूर्वाधार विकास र निजी क्षेत्रको लगानी विस्तारमा केन्द्रित गर्नुपर्ने बताएका छन् ।

शनिबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै उनले ऊर्जा देशलाई माथि लैजाने सबैभन्दा ठूलो र महत्वपूर्ण एजेन्डा भएकाले यसमा विशेष ध्यान दिनुपर्ने धारणा राखेका हुन् ।

पञ्चेश्वर र कर्णाली चिसापानीजस्ता ठूला जलविद्युत् आयोजना दशकौंदेखि चर्चामा रहे पनि कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै कार्कीले अब यस्ता आयोजनालाई थप लम्ब्याउन नहुने बताए । ऊर्जा क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउन सरकारले गरेका नीतिगत व्यवस्थालाई महत्वपूर्ण उपलब्धिका रूपमा चित्रण गर्दै उनले उत्पादनसँगै प्रसारण लाइन निर्माण र विद्युत् व्यापारमा पनि निजी क्षेत्रलाई सहभागी गराउनुपर्नेमा जोड दिए ।



नेपालले भारतसँग आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने समझदारी गरिसकेको स्मरण गराउँदै कार्कीले दीर्घकालीन विद्युत् व्यापारका लागि थप पहल गर्नुपर्ने बताए ।

त्यस्तै, बङ्गलादेश नेपालको विद्युत् खरिद गर्न इच्छुक रहे पनि भारतीय भूमि हुँदै विद्युत् लैजानुपर्ने भएकाले भारतसँग थप सहमति र सहजीकरण आवश्यक रहेको उनको भनाइ छ । नेपालमा जलविद्युत् उत्पादनको ठूलो सम्भावना रहेकाले त्यसलाई मुलुकको आर्थिक समृद्धिसँग जोड्नुपर्ने कार्कीले बताए ।

तमोर मेवाको ३५ प्रतिशत भौतिक प्रगति

ताप्लेजुङ (प्रस)– ताप्लेजुङमा निर्माणाधीन १२८ मेगावाट क्षमताको तमोर मेवा जलविद्युत् आयोजनाको निर्माण कार्यले गति लिएको छ । आयोजनाको हालसम्म ३५ प्रतिशत भौतिक प्रगति भएको छ ।

स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेडले निर्माण गरिरहेको आयोजनाको हेडवर्क्स र सेटलिङ बेसिनमा काम भइरहेको छ । त्यस्तै, आयोजनाको मुख्य संरचनामध्ये एक हेडरेस टनेल खन्न सुरु भइसकेको छ भने पावरहाउस निर्माणस्थलमा पनि खननको काम थालिएको छ । आयोजनाका लागि आवश्यक सबै जग्गा खरिद गरिसकिएको कम्पनीले जनाएको छ । जग्गा खरिदको काम सकिएसँगै निर्माण कार्यलाई थप गति दिन सहज भएको कम्पनीको भनाइ छ ।

चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्थाको साधारणसभा



■ प्रभाव संवाददाता

काठमाडौं– खिचापोखरी, न्यूरोडस्थित चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको १९औं वार्षिक साधारण सभा काठमाडौंको बबरमहलमा भव्य तथा सभ्य रूपमा सम्पन्न भएको छ ।

संस्थाका कार्यवाहक अध्यक्ष अमरेश चन्द्र बैदारको सभापतित्व तथा राष्ट्रिय सहकारी बैकका अध्यक्ष लक्ष्मी प्रसाद उप्रेतीको प्रमुख आतिथ्यतामा सम्पन्न सभामा संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम र बजेट सर्वसम्मत रूपमा पारित गरिएको छ ।

आर्थिक वर्ष २०८२/०८३ का मुख्य उपलब्धि तथा वित्तीय झलक: सभामा प्रस्तुत सञ्चालक समितिको वार्षिक प्रतिवेदनअनुसार २० औं वर्षको यात्रामा प्रवेश गरेको यस संस्थाले सदस्यको विश्वास, पारदर्शिता र सुशासनलाई आत्मसात् गर्दै उल्लेखनीय वित्तीय प्रगति हासिल गरेको छ । संस्थाको आर्थिक वर्ष २०८२/०८३ को अन्त्यसम्ममा संस्थामा १,९७५ शेयर सदस्य आबद्ध रहेका छन् भने संस्थाको कुल शेयर पुँजी करिब रु. ८ करोड, कुल निक्षेप संकलन रु. ७५ करोडभन्दा बढी र कुल कर्जा लगानी करिब रु. ३९ करोड पुगेको छ ।

त्यस्तै संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नेपाल वित्तीय प्रतिवेदन मान (लेख्ब) अनुसारको लेखा प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याएको छ भने प्रदेश सहकारी रजिष्टारको कार्यालय, राष्ट्रिय सहकारी नियमन प्राधिकरण तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी नियामक निर्देशनहरूको अक्षरश: पालना गर्दै संस्थागत सुशासनलाई थप सुदृढ बनाएको छ ।

त्यस्तै २९ जना संस्थापक सदस्यबाट सुरु भएको संस्थाले हाल खिचापोखरी, न्यूरोडस्थित आफ्नै आधुनिक तथा सुविधासम्पन्न कार्यालय भवनबाट सदस्यहरूलाई छिटो, छरितो र प्रविधिमैत्री वित्तीय सेवा प्रवाह गर्दै आइरहेको छ ।

सभाले सञ्चालक समितिको तर्फबाट कार्यवाहक अध्यक्ष अमरेश चन्द्र बैदारद्वारा प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गरेको छ । त्यस्तै लेखा सुपरिवेक्षण समितिका संयोजक कृष्ण बहादुर बस्नेतद्वारा प्रस्तुत आ.व. २०८२/०८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन र कोषाध्यक्ष कृष्ण बहादुर गुभाजुबाट प्रस्तुत आ.व आ.व. २०८२/०८३ को वाह्य लेखापरीक्षण प्रतिवेदन (वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण) अनुमोदन समेत गरेको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि राष्ट्रिय सहकारी बैकका अध्यक्ष लक्ष्मी प्रसाद उप्रेतीले वर्तमान चुनौतीपूर्ण आर्थिक परिवेशमा पनि चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्थाले सदस्य संख्या, शेयर र बचत रकममा गुणात्मक वृद्धि गर्न सफल भएको, प्रभावकारी रूपमा सामाजिक उत्तरदायित्व पूरा गरेको, लेख्ब प्रणालीको कार्यान्वयन र नियामक अनुशासन कायम राख्दै सदस्यमाझ आर्जन गरेको विश्वास अन्य सहकारी संस्थाहरूका लागि अनुकरणीय रहेको बताए ।

कार्यक्रममा बोल्दै अतिथि का.म.पा. वडा नं. २२ का वडा अध्यक्ष चिनीकाजी महर्जनले चाइना टेड बहुउद्देश्यीय सहकारी संस्था न्यूरोड क्षेत्रमा एउटा सहकारी संस्था मात्र नभई स्थानीय विकास साझेदार, उद्यमशिलताको प्रवर्तक, र समृद्धिको सहयात्रीको रूपमा सदस्यको विश्वास जित्न सफल नमुना सहकारी संस्था रहेको बताए । सभामा वरिष्ठ सहकारी विज्ञ कुबेर निरौलाले सफल सहकारीको लागि सदस्यको भुमिका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

चिराइतोको मूल्य घटेपछि किसान चिन्तित

भोजपुर– भोजपुरमा चिराइतोको मूल्य घटेपछि किसान तथा व्यवसायी चिन्तित बनेका छन् । गत वर्षको तुलनामा यस वर्ष चिराइतोको मूल्यमा गिरावट आएपछि किसान चिन्तामा परेका हुन् ।

टेम्केमैयुङ गाउँपालिका-१ तिम्माका स्थानीय किसान तथा व्यवसायी उपेन्द्र राउतका अनुसार अहिले चिराइतो प्रतिमन (४० केजी) रु २० हजारका दरले कारोबार भइरहेको छ । गत वर्ष यही समयमा चिराइतो प्रतिमन रु २५ हजारदेखि रु ३० हजारसम्ममा बिक्री हुने गरेको उनले बताए । गत वर्षको तुलनामा यस वर्ष प्रतिमन रु पाँच हजारदेखि रु १० हजारसम्म मूल्य घटेको उनको भनाइ छ । उनका अनुसार यस वर्ष चिराइतोको उत्पादन भने बढेको छ । टेम्केमैयुङ गाउँपालिका-१ तिम्मा क्षेत्रमा मात्रै करिब ५०० मन चिराइतो उत्पादन भएको उनले जानकारी दिए । उत्पादन बढे पनि बजार मूल्य घटेकाले किसानले अपेक्षाअनुसार आम्दानी लिन नसकेको उनको भनाइ छ ।

यस वर्ष हालसम्म आफूले करिब २०० मन चिराइतो संकलन गरिसकेको उनले



बताए । आफ्नै घरमासमेत बिक्रीका लागि करिब १० मन चिराइतो रहेको राउतले बताए । उत्पादन भएको चिराइतो बजारमा बिक्री गर्न तयार भए पनि उचित मूल्य नपाउँदा किसानले अपेक्षित लाभ लिन नसकेको उनले बताए ।

चीनतर्फको नाका बन्द हुँदा चिराइतोको निकासी तथा बजार कारोबार प्रभावित भएकाले यस वर्ष मूल्य घटेको राउतको भनाइ छ । राउतका अनुसार चिराइतोको बजार माग र बिक्रीको अवस्थाले किसानले पाउने मूल्य निर्धारणमा प्रभाव पार्ने गरेको छ । बजार सहज नहुँदा उत्पादन बढेको अवस्थामासमेत किसानले राम्रो मूल्य पाउन नसक्ने समस्या रहेको उनले बताए ।

चिराइतो भोजपुरका पहाडी तथा उच्च पहाडी क्षेत्रमा उत्पादन हुने महत्वपूर्ण जडीबुटीजन्य नगदे बाली हो । यहाँका किसानले व्यावसायिक खेतीसँगै प्राकृतिक रूपमा उम्रिएका चिराइतो संकलन गरेर बिक्री गर्ने गरेका छन् । विशेषगरी ग्रामीण क्षेत्रका किसानका लागि चिराइतो आम्दानीको महत्वपूर्ण स्रोत बन्दै आएको छ ।

चिराइतोखेती तथा संकलनबाट किसानले खेतीपातीबाहेक अतिरिक्त आम्दानी गर्दै आएका छन् । यसको उत्पादन, संकलन, ओसारपसार र बिक्रीमा स्थानीय व्यवसायीसमेत संलग्न छन् । तर बजार मूल्यमा हुने उतारचढाव तथा निकासीमा देखिने समस्याले किसानको आम्दानीमा प्रत्यक्ष असर पार्ने गरेको छ । स्थानीय किसानले चिराइतोको बजार व्यवस्थापन र उचित मूल्य प्राप्त हुने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् । उत्पादनअनुसार बजारको व्यवस्था हुन सके चिराइतोखेतीबाट ग्रामीण क्षेत्रमा अझ आम्दानी बढाउन सकिने किसानहरूको भनाइ छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ